
खोलभित्रको मान्छे
मित्र प्रसाद दुलाल

खोलभित्रको मान्छे

कविता संग्रह

-मित्र प्रसाद दुलाल

खोलभित्रको मान्छे

कविता संग्रह

प्रकाशकः छवि प्रसाद दुलाल

सम्झना सिम्खडा दुलाल

लेखकः मित्र प्रसाद दुलाल

सम्पादनः डा.दामोदर पुडासैनी 'किशोर'

संयोजन/व्यवस्थापन : गोकुल बाँस्तोला

संकलनः सञ्जय सिम्खडा

सर्वाधिकारः © प्रकाशकमा

प्रकाशन : २०७९ असार (२०२२, जुन)

प्रकाशन प्रतिः १,००० प्रति

डिजाइनः डिजाइन भेञ्चर काठमाडौ
फोन नं. ४५२३२२०

मुद्रणः सोपान प्रेस प्रा. लि. काठमाडौं
फोनः ४४४२२०६

प्रकाशकीय

... मसँग लेख्नका लागि शब्द नै थिएन र छैन पनि ! मन छ त केबल बिगतका सबै कुरा भुलेर शून्यतामा रमाउन तर यो पनि त सम्भव रहेनछ ।नियतिको अगाडि मानिस केवल निरुपाय र निरीह रहेछ ! चाहेको, सोचेको जस्तो नहुँदो रहेछ जीवन। यथार्थमा जे अगाडि परिआउँछ चुपचाप स्वीकार्नुको कुनै बिकल्पनै रहेनछ ! राजधानीको केन्द्र कुलेश्वर आवास क्षेत्रमा जन्मिएर हुर्कि बढेकी मसँग कर्मका लागि राजधानीले डोऱ्याएर ल्याएका मोरङमा जन्मे हुर्केका मित्र दुलालको भेट नियतिले गरायो। पारिवारिक सहमतीमै कथित सात जन्मसम्मको सम्बन्ध पनि जोडियो ।हाम्रो मायाको निशानी एउटा छोराको आगमनसँगै जीवनको रथ खुसीसाथ दौड्दै थियो। भविश्यका योजनाहरु बनिरहेका थिए तर एकदिन अचानक...जन्मदिने बृद्ध आमाबाबु र हामी आमाछोराबाट चटक्क चुडाँएर १२ वर्ष पनि नपुगेको हाम्रो सहयात्रामा बिराम लगाउँदै नियतिले नै हामी दुवैलाई यो जुनीमा फेरी कहिल्यै नभिटिने गरी छुटायो ! जन्म जन्मान्तरसँगै जिउने रहर सदाका लागि अन्त्य गर्दै प्रारब्धको खेल चुपचाप सहनुको कुनै विकल्प रहेन मसँग ! मनका रहेका बेदना, पिडा र भावहरू सोही रुपमा व्यक्त गर्ने कुनै शब्द नै फेला पार्न सकेकी छैन ! परिस्थितिले यस्तो मोडमा ल्याएर छोडिदियो कि न त म दिल खोलेर आफ्नो मनको बह पोखी आफैलाई रित्याउन सक्छु न झलझली आउने विगतका यादहरूबाट आफूलाई टाढा राख्न नै ! आखिर त्यही नियतिले मलाई थप जिम्मेवारी पनि त सुम्पेर गयो !

अल्पायुकै हुनुहुँदो रहेछ रपनि होला हरपल सक्रिय रहने वहाँले समसामयीक विषयमा नियमितजसो सामाजिक सञ्जालमार्फत लेखिरहनु हुन्थ्यो। ती रचनाहरू अहिले पढ्दा लाग्छ आजको दिनको पूर्वआभास वहाँमा थियो र ती शब्द/भावहरू वहाँले मलाई नै भन्नुभएको हो, मेरै लागि लेख्नु भएको हो। कहिल्यै नभरिने मनको घाउ आलै रहेको भएपनि वहाँले लेख्नु भएका ती रचनाहरूबाटनै वहाँलाई अजर अमर बनाउन सकिन्छ भन्ने लागेर तेस्रो बार्षिक पुण्य तिथीको अवसरमा वहाँका रचनाहरू संग्रह गरी पुस्तकको स्वरुपमा तयार गर्ने सोंच पलायो ।

प्रस्तुत पुस्तकलाई यस रुपमा ल्याउन धेरै आफन्तजनहरूको साथ र सहयोग रहेको छ। प्रिय भाई सञ्जय सिम्खडाले फेसबुकमा विभिन्न समयमा पोष्ट गरिएका रचनाहरूलाई डाउनलोड गरी एकत्रित गरिदिएर होस वा मामा दामोदर पुडासैनीले भाषा सम्पादन गरिदिनु भएर होस अथवा मेरो जन्म दिने माता पिता एवं कर्म माता पिता सबैको हौसला र साथ सहयोग बेगर यो प्रयासले सार्थकता पाउँदैनथ्यो। दाई गोकुल बाँस्तोलाको टाइपिङ/ संयोजन/ सम्पादन लगायतका कार्यको अथक मेहेनत बेगर यो प्रयासले सार्थकता पाउनै सक्दैन थियो । वहाँहरू लगायत मेरो यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष जोडिनु भएका मैले यहाँ नाम उल्लेख गर्न नसकेका सबैजनाको साथ र सदभावप्रति म हार्दिक आभारी छु ।

-सम्झना सिम्खडा दुलाल

आँसुको भेलले बगाउँन नसकेका अक्षरहरू

–डा.दामोदर पुडासैनी 'किशोर'

आँसु मिसिएको मसीले केही लेख्न बसिरहेको छु म मुटुको ढुकढुकी बढेको कुरा लेखु, आँसुका धारा बगिरहेका व्यथा लेखु, हेर्दा हेर्दै चकनाचुर भइरहेको घामको कथा लेखु– साँच्चै कति कठिन कुरा हो ।

म लेख्दैछु मित्र दुलालका कविताका बारेमा । मित्र दुलाल मेरा भाञ्जे ज्वाइँ हुनुहुन्थ्यो । भाञ्जी सम्झना र उहाँको अमर प्रेमलाई हामी परिवारजनले विवाहमा परिणत गरिदिएका थियौं । वैवाहिक जीवन उल्लासपूर्वक चलिहरेथ्यो उहँहरूको । एउटा बाबु जन्मेर खुशीमा खुशी बढेको थियो । उमेर धेरै भइसकेको थिएन, तीसकै हाराहारी । इष्टमित्र, साथीसंगी, छरछिमेक सबैको आँखाको नानी भाञ्जेज्वाइँ पाउँदा हामी खुशी थियौ । भाञ्जीको अनुहारमा फक्रेका खुशीका फूलहरूले हामीलाई जूनको रोशनी मिलिरहेथ्यो ।

बेठेगान र बेसोमतिको नामनै समय हो । समय सधैं मायालु र शीतल बनेर आउँदैन । कहिलेकाहीं क्रुर बनेर आउँछ, चटयाङ बनेर आउँछ, प्रलय बनेरपनि आउँछ र निमिट्यान्न पारिदिन्छ खुशीहरूलाई । त्यस्तै भयो एक्कासी !

साँझ भाञ्जी र ज्वाइँ माइतीमा भेला भए । रमाइलो छायो । खानपिन भयो । रात

छिप्पिसकेपछि भाञ्जी र ज्वाइँ आ–आफ्नै सवारी साधनमा निवासतिर फर्के। भाञ्जी पुगिन्। कुरिन्। केहिबेरमा ज्वाई नआइपुगेपछि खोज्न फर्किन भाञ्जी अनायाश सडकमै लडिरहेको भेटिन् ज्वाइँलाई । देख्नेहरूले भने– 'सवारी रोक्नुभयो, छातीमा दुख्यो भन्नुभयो, ढल्नुभयो !' अस्पताल त लगियो, तर, ज्वाइँको प्राण सकिइसकेको थियो ।

अनिद्राका असिनाहरू बर्सिए । झर्‍याम झुरुम फुट्यो आकाश । कालो आँधी चल्न थाल्यो मनहरूमा । आकाशबाट एसिडको लेदो बर्सिरहेजस्तो । धर्ती सबै चिराचिरा परेर धुजा धुजा भएजस्तो । कफन ओढेको समयसँग मितेरी गाँस्ने बाध्यता फैलिएजस्तो । अधीर अञ्जुली र राँकोले खाइरहेको मुटु लिएर अघि बढ्न बाध्य बन्यौं हामी परिवारजन । आगोका डरलाग्दा लप्काहरू माझमा उभिएर कसरी नियालिरहिछिन् सम्झना भाञ्जीले यो संसारलाई ? गोलीको चोटले रन्थनिएको बाघझैं म घाम र जूनका पाइलाहरूलाई कोपरिरहेछु ।

मित्र दुलाल कवि हुनुहुन्थयो । त्यो धेरैलाई थाहा थियो । उहाँले रचेका कविताहरू बटुलबाटुल पारेर एउटा संग्रह प्रकाशित गर्ने योजना उठ्यो उहाँको बुबाबाट, दाइबाट, सम्झना भाञ्जीबाट र मेरो ज्वाइँ कृष्णप्रसाद सिंखडाबाट । भाञ्जा गोकुल बास्तोलाबाट यथासक्य सबै कविताहरू बटुलबाटुल पारिए । ती कविताको बिटो मेरो हातमा परेपछि म धेरैबेर घोत्लिएँ ।

सबैभन्दा पहिले त सम्झिएँ– विश्वप्रसिद्ध कवि जोन किट्सका प्रेमपत्रहरूलाई । अठार वर्षको उमेरमै कवि जोन किट्स र फयानीको प्रेम गाढा बनिसकेको थियो । सच्चा प्रेमी थिए किट्स । उनी बारम्बार आफ्ना कविताहरू शक्तिशाली हुनुको पछाडि फ्यानीको प्रेम हो भन्ने दोहोर्‍याउँथे । किट्स र फ्यानीले शुरुमा त आफ्नो प्रेम गोप्य राख्न निकै प्रयासपनि गरेका हुन् । आठ वर्षको उमेरमा पिता र चौध वर्षको उमेरमा माता गुमाएका किट्सको परिवारमा गरीबी र रोगको आँधीबेहरीनै चलेको थियो । गरीबीकै कारणले किट्सले चिकित्सा क्षेत्रको अध्ययन नै छोड्न बाध्य बनेका थिए । गरीब भएकै कारण फ्यानीकी आमाले किट्सलाई छोरी दिन अस्वीकार गरेकी थिइन् । किट्स र फ्यानीको प्रेमिल शक्ति जब्बर थियो । उनीहरू भागे र विवाह गरे । किट्स दिलोज्यान दिएर काम गर्थे र फुर्सद निकालेर कविता रच्थे । जीवन सङ्घर्ष र उत्साहसँग अघि बढिरहेथ्यो । आखिर त्यो धेरै चल्न सकेन । सन् १८२१ को फेब्रुअरी २३ का दिन जोन किट्स कहिल्यै उठ्न नसक्नेगरि क्षयरोगबाट ढले । त्यसबेला किट्स २५ वर्षका थिए, फ्यानी भने थिइन्– केवल २० वर्षकी मात्र । मृत्यु हुनेहरू त सकिइहाले । बाँच्नेहरूले व्यहोर्नैपर्छ आफ्नै जीवन क्रम । फ्यानी पैसट्ठी वर्ष बाँचिन् । मृत्यु हुनुभन्दा केही समय अघि मात्र छोरा हर्बर्ट र छोरी मार्गरिटलाई

किट्ससँगको प्रेम सम्बन्ध बारे फिहरिस्त खोलिन् । त्यसैबेला उनले किट्सले दिएका उपहार र उनीहरू दुई बीच चलेका प्रेमपत्रहरूपनि छोरा छोरीलाई दिइन् । छोराछोरीले जब ती प्रेमपत्रहरू प्रकाशित गरे तब किट्सका कविताहरू पढ्ने पाठकहरू संसारभरिनै ह्वात्तै बढ्यो । जुन आजसम्मपनि संसारभरका बहुसंख्यक पाठकको चासोको विषय बनेको छ । किट्सलाई मृत्युपूर्वनै मृत्युको आभास भएर हो कि, उनको कविता *'ओड अन अ ग्रेसियन अर्न'* मा उनले लेखेका छन्— 'यो जीवनको विनाश अवश्यम्भावी छ, पो जीवन आखिर सकिन्छ मृत्युबाट, मान्छेलाई पछिसम्म अरुले सम्झने भनेको उसले जीवनमा गरेका सिर्जनशील कामहरूलेनै हो ।'

जोन किट्सका कविता र प्रेमपत्रहरू पढेपछि मित्र दुलालका कविताहरूले कोट्याइरहे मलाई ।एउटा गम्भिर संयोग देखियो जोन किट्स र मित्र दुलालको जीवन र कविताहरुमा ।

यस संग्रहमा संगृहीत कविताहरू पढ्दा लाग्छ— मित्र दुलाल सरल अभिव्यक्तिबाट गहन रहस्य बनाउनसक्ने कवि हुनुहुन्छ । जीवनका गतिशील क्षणहरूका रेखा र रङ्गहरू केलाउँन सक्ने तागत उहाँमा यथेष्ट थियो भन्ने भनाईका साक्ष्यका रुपमा यी कविताहरू उभिन सक्तछन् । उहाँका कविताहरूमा जीवनका साङ्पाङ्गो उतारचढावहरू, संसारको बदलिंदो व्यवहार र त्यसले उत्पन्न गरेको असर, देश र मानव समाजको संस्कारगत औचित्य,

मानव अन्तरसम्बन्धले उजागर गरेका नवीन महक जस्ता विषयहरू तरवर्र उम्रिरहेका भेटिन्छन् ।

मित्र दुलालका यी कविताहरू पढ्दा जीवन र मृत्युका परिधिहरू केलाउँन मन लागेको छ मलाई । मान्छे जन्मन्छ र मृत्यु वरण गर्छ । जीवनका क्षणहरूमा किन सल्बलाइरहन्छ मान्छेको मन ? किन केही न केही नगरी स्थिर रहन सक्तैन मान्छेको तन ? असंख्य पीडाका पहाडहरू नाघेरपनि किन एकमुठी खुशीको उज्यालो खोज्न भौतारिन्छ मन ? यो कुनै अदृश्य शक्तिले गराउने कुरा होइन तर प्राकृतिक नियमनै यस्तै हो भन्नेमा चित्त बुझाउने बाध्यता आइपर्दछ ।

यस संग्रहमा संगृहीत कवितामध्ये धेरैले जीवनको अनिश्चिततालाई इङ्गित गरेका छन् । हुनपनि मान्छे अनिश्चयमा बाँचिरहेकोलेनै रमाइरहेछ । मृत्युको तिथी, घडी, पला थाहा भएमा कत्ति धेरै तडपिन्थ्यो मान्छे । मान्छे अनिश्चित जीवनको ललनी गाइरहेछ र अघि बढिरहेछ । मित्र दुलालको कविता जस्तो–

'थाहा छैन
भोलि कहाँ पुगिन्छ
कुन वस्तीमा पुगिन्छ
दैनिकी कस्तो हुन्छ

(के थाहा भोलि कस्तो छ ?)

'जाबो जिन्दगी
स्वाट्टै पार्दै सकिन लाग्यो

एक पेग दारुभन्दा नि कम छ'

(जाबो जिन्दगी)

'चिन्ता भविष्यको होइन
वर्तमान खराब छ
कुनबेला भुइँचालो जान्छ
साँच्चै जीवन धराप छ'

(चिन्ता)

उहाँका कविताहरूले बताउँछन्— जीवनको अन्तिम कालखण्डमा उहाँलाई मृत्युको आभास भइरहेथ्यो । संग्रहमा भएका २६ वटा कविताहरू त मृत्युकै नजिक पुगेर रचिएका पाइन्छन् । जीवनको खाल्डो, सानी, तस्वीरमा माला, तिमी टाढा जाऊ, नतमस्तक, आवाज मित्रको आवाज, तिमी र मबीचको फरक, दारुको कमाल, यात्रा, चित्कार, म, ट्रिपर आतङ्क, अपरिचित यात्रा, धोका, उत्तराद्र्ध, पापकर्म, रिस जस्ता कविताहरूले मृत्यु आभासको संकेत गर्दछन् । केही उदाहरणहरू

'आखिर खाल्डै रहेछ जीवन
जानु पर्ने खाल्डैमा
उत्तरार्द्ध नपुगी सेलाउँछ कि जीवन
साँच्चै मन कत्ति मर्‍या छ'

(जीवनको खाल्डो)

'मृत्यु शैया प्यारो लाग्यो डोली नचढिकनै
झुण्डिएछ माला तस्विरमा मृत्यु नभइकनै ।'

(तस्विरमा माला)

'टाढा जाऊ खुशीबोकी
एक्लै एक्लै बाँचिदिन्छु
सक्छौ यमलोक आऊ
एउटा खुशी राखिदिन्छु'

(तिमी टाढा जाऊ)

'मान्छे तिम्रोमापनि आए, मेरोमापनि
तर !! तिमीलाई रातो सारी लिएर आए,मलाई पिताम्वर
कपडा तिमीलेपनि लगायौ, मलाईपनि लगाइदिए
तर !! तिमीलाई बेहुली कपडा पहिराए, मलाई सेतो कात्रो ।'

(तिमी र मबीच फरक)

'शिथिल भयो अस्थिपञ्जर
अलिअलि धड्कनमात्र चलिरहेछ
एउटा आवाज खरानीझैं बलिरहेछ ।'

(आवाज भित्रको आवाज)

'मनुष्यको चोला यो
भुलभुलैया जस्तै हो
शिखर चढ्छु भनेथें
पुछारमा लडियो ।'

(नतमस्तक)

'आज म छु

त्यसैले वास्ता छैन
तब म हुँदिन
तब मेरो याद आउँनेछ
अनि धेरै चर्चा हुनेछ'

(म)

मित्र दुलालका कविताहरू प्रेमरसले भरिपूर्ण छन् । गीत, गजल र कविताका माध्यमबाट मानवीय प्रेमका सुन्दर अभिव्यक्ति यो संग्रहमा पाउँन सकिन्छ ।

नेपालीले भोगेका पीडाहरू समयचेतका माध्यमबाट यहाँ व्यक्त भएका छन् । यी कविताहरू राष्ट्रिय भावनाले ओतप्रोत छन् । सम्वृद्ध नेपाल बनाउने सपना पुरा नहुँदै जीवन सकिन्छ कि भने संशयपनि धेरै ठाउँमा भेट्न सकिन्छ । नेपालीहरू विदेश भासिन बाध्य छन् । घरदेशको दुःख बिर्सन परदेश पुग्दा दुःखको भयानक भँडखारोमा जाकिएका प्रशंगहरूपनि कवितामा आएका छन् । समाजमा हुने खानेकै दबदबा छ । मान्छेहरू जीवन गुजारा गर्न मरिमेटेर काठमाडौं खाल्डोमा प्रवेश गर्दछन्, अलिकति खान लाउँन पुगेपछि काठमाडौंलाईनै धुवाँधार बिरोध गर्दछन् । हरेक मान्छेले भनाई र गराईमा तादात्म्यता मिलाउँन सकेका छैनन् । यी र यस्तै विषयहरूलाई व्यङ्ग्यात्मक शैलीमा लेखिएका कविताहरू यहाँ समेटिएका छन् । हाँस्य र व्यङ्ग्यको स्वादिलो समिश्रणले कविता झन् झन् शक्तिशाली बनेका छन् ।

एउटा मान्छे जीवन छउन्जेल सबैकुरा सोच्छ । मृत्यु नजिकै आइसक्तापनि उसमा सबै खाले ईच्छा, आकाङ्क्षा र तीर्सनाहरू बढ्छन्, बढिरहन्छन् । मृत्यु नजिकै आइसकेको थाहा नपाएर नै मान्छेमा जाँगर बढ्छ, संसार सजाउँने अभिलाषा बढ्छ, र बढ्छन् कर्तव्यका कित्ताहरू । मृत्युको तिथी र घडी पला थाहा हुने भए मान्छे बेस्सरी आत्तिन्थ्यो, संसार कोलाहलमय हुन्थ्यो र केही नगरेरै जीवन बित्थ्यो । अप्रत्याशित मृत्युले संसार सहज बन्ने गरेको छ । यो तीतो यथार्थ हो तर, मृत्युको बज्रपात जसलाई पर्छ उ त सकिन्छ नै उसका आफन्तलाई जीवनभर बज्रपात परिरहन्छ ।
भाञ्जेज्वाइँ मित्र दुलालको मृत्यु हामी परिवारजनको लागि एउटा असह्य बज्रपात हो, तर, नसही सुख्खै छैन । मृत्युका अँध्यारा असर खपेरपनि जीवनलयमा चलिरहनु जीवितहरूको यथार्थतापनि हो ।

यो पुस्तकको नाम खोलभित्रको मान्छे जुराउँन ठीक लाग्यो मलाई । यो शीर्षकको एउटा कवितापनि संगृहीत छ यसमा । आखिर मान्छे खोलभित्र त छ नि । अनेकौं खोल, अनेकौं आवरणमा बाँच्छ जीवन। मृत्युपछि कुनै खोल वा आवरण बाँकि रहँदैन । सिद्धिन्छन् सबैकुरा । अरु अरुले सम्झने भनेको उसको जीवनमा घटेका क्रियाकलापहरू मात्र त हुन् नि ।

यो पुस्तकको भूमिका लेख्दा मैले बहिनी पार्वती श्रेष्ठलाई सम्झिएँ । उनलाई सशरीर मैले

कहिल्यै भेटिन्छ । पार्वती श्रेष्ठ र उनका पति विवाहको लगत्तै कामको सिलसिलामा अमेरिका पुगे । अमेरिका पुगेको केही समयमै एक्कासी बहिनी पार्वती श्रेष्ठको मृत्यु भयो । उनका पति विचलित बने । पार्वतीले जीवनभर रचेका कविताहरू प्रकाशित गरिदिने ईच्छा जागेछ परिवारजनमा । उनका पतिले मसँग भेटे । मैले पार्वती श्रेष्ठको पुस्तकको भूमिका लेखिदिएँ । मेरै हातबाट विमोचन पनि भयो तिलङ्गाटारमा । विमोचनको दिन पार्वती श्रेष्ठका बुबा, आमा, दाज्यू भाइ, पति र अरु परिवारजन रोए, खुब रोए, आँसुको भेल बगिरह्यो ।

भाञ्जेज्वाइँ मित्र दुलालको यो कवितासङ्ग्रह खोल भित्रको मान्छेको भूमिका लेख्दा मेरा आँखाबाटपनि आँसुको भेल बगिरहेछ । आँसुको नदीले अक्षरहरू बगाउँन दिनु हुँदैन भन्ने पक्षमा छु म । आखिर शोकलाई शक्तिमा बदल्नुको विकल्प पनि छैन अब ।

जीवनका किनाराहरू आफैं फैलन्छन् । कसैको काबुमा कसैको जीवन छैन । होइन त ? तर, मित्र दुलालका यी कविताहरुले युग युगसम्म अमर बनाइरहनेछन उहांलाई ।

मितिः २०७८ चैत २१ गते सोमबार

ग्वङ्ग:बुँ, नयाँबसपार्क, काठमाडौं

इमेलः damopuda567@hotmail.com

फोनः ९८५१०९२०७७ (मोवाइल)

बिषयसूची

क्र.स.	शिर्षक	पेज नं.
१.	कस्तो छ ?	१
२.	जाबो जिन्दगी	३
३.	चिन्ता	५
४.	भुँडी	६
५.	कति सहुँ कष्टहरू	७
६.	तिम्रो पापी सहर	८
७.	ईच्छाहरू	१०
८.	अन्त्यमा	११
९.	समृद्ध नेपाल मेरो सपना	१२
१०.	शून्यता	१४
११.	जीवन र अभाव	१५
१२.	दिक्क भो	१६
१३.	शुभकामना नयाँ बर्षको	१७
१४.	अहिलेको समय	१८
१५.	जीवनको खाल्डो	१९
१६.	सानी	२०
१७.	तस्बिरमा माला	२२
१८.	अचम्मको काठमाडौ	२३
१९.	तिमी टाढा जाऊ	२५
२०.	नतमस्तक	२६
२१.	आवाज भित्रको आवाज	२८
२२.	नरुनु ल	२९
२३.	शुभकामना छोरालाई	३०

२४.	परदेशी	३१
२५.	स्यालको बिगबिगी	३२
२६.	बाउको मुख हेर्ने दिन	३३
२७.	मेरो जन्म	३४
२८.	तीज र पुरुष	३५
२९.	भोगाई	३६
३०.	कर्म अनि फल	३७
३१.	तिमी र म बीच फरक	३८
३२.	दारुको कमाल	३९
३३.	एउटा प्रेम	४०
३४.	भाग्य	४१
३५.	मात लाग्यो	४२
३६.	अर्थहीन जीवन	४४
३७.	यात्रा	४५
३८.	पुकार	४६
३९.	समय अनि सोच	४७
४०.	पीडाहरू	४८
४१.	बेरिएको जीवन	५०
४२.	अनुभूति	५१
४३.	चित्कार	५२
४४.	जीवनको भारी	५३
४५.	भाग्य	५४
४६.	शून्यता	५५
४७.	घुम्टो	५६
४८.	नयाँ बर्ष	५८
४९.	म	५९

५०.	ट्रिपर आतंक	६०
५१.	यो कस्तो रहर	६१
५२.	मैले देखेको जानकी मन्दिर	६२
५३.	आजकल	६३
५४.	राम्रो	६४
५५.	अपरिचित यात्रा	६५
५६.	मासु भित्रको दशैं	६६
५७.	खोल भित्रको मान्छे	६७
५८.	मेरो रोगी सहर	६८
५९.	उपनाम	६९
६०.	धोका	७०
६१.	विवश म	७१
६२.	उत्तरार्द्ध	७२
६३.	अबोध मन	७३
६४.	निरस जीवन	७४
६५.	सम्बन्ध	७५
६६.	तस्बिरसँगको प्रेम	७६
६७.	पर्खाई	७७
६८.	म त	७८
६९.	पाप कर्म	७९
७०.	नसम्झ भो	८०
७१.	जीवन र समय	८२
७२.	प्रिय	८३
७३.	समय र म	८५
७४.	बिष	८७
७५.	मानिसको चोला	८८

७६.	होस गर !	९०
७७.	बैदेशिक रोजगार	९२
७८.	सिउँदो भित्रको नाता	९३
७९.	त्यसैले त एक्लो छु	९४
८०.	म सँग पो डरायौ कि	९५
८१.	त्यसैले त आफ्नै हौ	९७
८२.	मनभरीका कुराहरू	९८
८३.	देवताको खोजी	९९
८४.	तिम्रो साथ	१००
८५.	काठमाडौं सहर	१०२
८६.	सिंहदरबार	१०३
८७.	सचेतना	१०४
८८.	खुशी	१०५
८९.	तिम्रो भावना	१०६
९०.	कोसिस	१०७
९१.	तीतो सत्य	१०८
९२.	सकस	१०९
९३.	बिमती	१११
९४.	कौतुहल	११२
९५.	सम्बन्ध	११४
९६.	बाटुली	११५
९७.	कर्म	११७
९८.	घुमिफिरी रुम्जाटार	११८
९९.	मूल्य	११९
१००.	भाग्य	१२०
१०१.	गुरु दक्षिणा	१२१

१०२.	अवरोध	१२२
१०३.	फेरि उही	१२३
१०४.	खाँचो	१२४
१०५.	खुशी	१२५
१०६.	उल्का	१२६
१०७.	महादेव	१२७
१०८.	संयोग	१२८
१०९.	ईच्छाहरू	१२९
११०.	स्वभाव	१३०
१११.	उपदेश	१३२
११२.	सुन्दर	१३३
११३.	दुःखी आत्मा	१३४
११४.	अन्त्य	१३५
११५.	सपना	१३६
११६.	भोगाई	१३७
११७.	कथा	१३८
११८.	अनुभव	१३९
११९.	असहज	१४०
१२०.	गन्तव्य	१४१
१२१.	फेसबुके औंशी	१४२
१२२.	कुरीति	१४३
१२३.	नियात्रा	१४४
१२४.	फेसबुक	१४५
१२५.	लाइन अनि पालो	१४६
१२६.	सम्झना	१४७
१२७.	पार्लर	१४८

१२८.	यस्तै छ यहाँ	१४९
१२९.	घुम्ती	१५०
१३०.	पर्व अनि पैसा	१५१
१३१.	एउटा सपना	१५२
१३२.	मृत्यु शैया	१५३
१३३.	रित्तो मन	१५४
१३४.	तस्बिर	१५५
१३५.	नसोचेको दुनियाँ	१५६
१३६.	के होला ?	१५७
१३७.	रक्तदान	१५८
१३८.	चुस्की	१५९
१३९.	बात लाग्यो	१६०
१४०.	जलेको खरानी	१६१
१४१.	यस्तै छ दुनियाँ	१६२
१४२.	आजबाट	१६३
१४३.	मनको वह	१६४
१४४.	अलमल	१६५
१४५.	जय शम्भु	१६६
१४६.	आँसु	१६७
१४७.	मनका व्यथा	१६८
१४८.	मेरो देश	१६९
१४९.	लाज भयो	१७०

कस्तो छ ?

खत्रक्क गर्लें
जांगर मऱ्यो सबै
अँधेरो देखें
चिट चिट पसिना आयो
यसरी नै चल्दैछ जीवन !!

थाहा छैन
भोलि कहाँ पुगिन्छ
कुन बस्ती मा पुगिन्छ
दैनिकी कस्तो हुन्छ !!

ढिँडो त पक्कै खाईन्छ होला
चौरासी ब्यन्जन न पहिले जुर्यो न पछि जुर्ला
वा, न चिहान नै प्यारो हुने पो हो कि
कस्लाई के थाहा
हिजो कस्तो थियो
आज कस्तो हुँदैछ
भोलि अँधेरो देख्दैछु !!

गन्तव्य सबैको अलग अलगनै हुन्छ
कसैले सजिलो हिँड्छ
कसैले निकै गाह्रो
कस्लाई मन हुन्छ

गाह्रो बाटो हिँड्न
चल्दैछ जीवन चल्दैछ
सगरमाथा छुने हिम्मत आएन
न त पाताल पुग्ने रहर
बस
सामान्य जीवन जिउने आश मात्र हो

सानो खोपिल्टोपनि गहिरो देख्छु
न कुनै ईच्छा बढेको छ
सामान्य हुन समय लाग्ला
चल्दैछ जीवन, चलिरहोस् !!

२०७६/०२/३० गते बिहिवार

जाबो जिन्दगी

जाबो जिन्दगी
एक पेग दारु भन्दा नि कम छ !!

स्वाठ्ठ पार्दै सकिन लाग्यो !!
न त नेता हुन सकियो !!
न त दाम कमाउनै !!
दुई चार ओटा डोजर किन्न सकिएन
क्रसर चलाउन सकिएन
न कुनै ठेक्का नै हात पर्यो
जाबो जिन्दगी
एक पेग दारु भन्दा नि कम छ !!

भाइ भतिजालाई जागिर लगाउन सकिएन
सालो सालीको लागि ठाउँ बनाऊन सकिएन
छोरोलाई सरकारी कोटामा अमेरिका पठाउनु थियो
सबै तुहियो
जाबो जिन्दगी
एक पेग दारु भन्दा नि कम छ !!

न त बूढीलाई पजेरोमा घुमाउन सकियो
न त भतिजो लाई स्वकीय बनाऊन सकियो
अरुको आलोचना मै बित्ने भयो
जाबो जिन्दगी
एक पेग दारु भन्दा नि कम छ !!

न कसैलाई छाता ओढा भन्न पाईयो
नत एकाउन्न किलोकोमालानै लगाउन पाइयो
सोचेर सोचिनसक्नु भयो
जाबो जिन्दगी
एक पेग दारु भन्दा नि कम छ !!

नमस्ते त सपनामापनि देख्न सकिएन
हात्तीछापबाट हात्ती हुन सकिएन
बगैंचामा बसेर समाचार पढने दिन आएन
त्यसै गयो
जाबो जिन्दगी
स्वाँठ्ठै पार्दै सकिन लाग्यो
एक पेग दारु भन्दा नि कम छ !!

२०७६/०२/१९ गते आइतबार)

चिन्ता

चिन्ता भविष्यको हैन
बर्तमान खराब छ
कुन बेला जान्छ भुइँचालो
साच्चै जीवन धराप छ !!

नशा नशामा मात छ
जीवन साच्चै सराब छ
ढलपल ढलपल गर्दैछ
जिन्दगी धेरै धराप छ !

अघि बढ्न बाटो हेर्छु
बाटो झनै खराब छ
काँडा बिछ्याएको देख्छु
भविष्यनै धराप छ !!
२०७६/०२/०५ गते आईतबार

भुँडी

धैरैले घर जोडे घँडेरी जोडे
मैले जोडें भुँडी
कत्ति डेरामात्र बस्नु भन्छे
घरकी प्यारी बूढी !!

सय टयाङ्कर त पानी हालियो होला
कहिल्यै भऱ्या हैन
भकारी त कत्ति सकिए
धरोधर्म ढाँटया हैन !!

जुत्ता को तुना नलगा भन्छ
अघि बड्छ भुँडी
जिम जानू घटाउनु भन्छे
किचकिच गर्छे बूढी !!

पैंतालिसको त कम्मर भएछ
आधा उमेर त्यसै गएछ
जसो गरेनि अपजस
अचम्म छ भुँडी
भात हैन रोटी खुवाउँछे
घरकी प्यारी बूढी !!
२०७६/०२/०१ काठमाडौ

कति सहुँ कष्टहरू

कत्ति सहुँ कष्टहरू खातमाथि खात देख्छु
फोर्नु भन्दा मगज यो, यस्तै दुई चार शब्द लेख्छु
साँचेका ती खुसीहरू खहरे झैं बगिगए
दुई हातले कनिकुथि देखिएका प्वाल छेक्छु ।

वचन त राम्रै बोल्छु कत्ति तीखो गढेछ नि
साहसिलो स्तम्भ त एकै पटक ढलेछ नि
मागनु भन्दा आत्मा त्यो चोर्नु नै उचित ठानें
रन्थनिन्छ मगज यो अनि यस्तै शब्द लेख्छु !!

गन्तव्य त्यो तारे भिरमा लामो डोरी टाङ्न खोजें
बीचैबाट कुन पापीले छिनाल्नलाई काट्या देख्छु
नसकेर केही बोल्न ठिङ्ग उभिई निस्सासिन्छु
फोर्नु भन्दा मगज यो यस्तै दुई चार शब्द लेख्छु

२०७६/०१/२० गते शुक्रवार

तिम्रो पापी सहर

जरा गाडेर बसेको छु
अनि बनावटी हाँसो हासेको छु
तिम्रो यो पापी सहरले केमात्रै गरेन
मकैलाई पपकर्न बनायो
मोहीलाई लस्सी बनायो
अनि घैंटोको चिसो पानीलाई
कोक र फेन्टा बनायो ।

मुखमा मुखौरो लाउने बनायो
औंलामा धुपौरो बाल्ने बनायो
त्यसैले त तिम्रो सहर पापी छ नि
धान फल्ने खेत सबै दुई बित्ताको बनायो ।

हरिलाई ह्यारी बनायो
रामलाई र्याम बनायो
पबजी अनि टिकटक बनायो
बिग्रेकोलाई ठीकठाक बनायो
मेरो लामो कदलाई छोटो बनायो
तिम्रो सहर त पापी रैछ
गाउँमा नमस्कार खाँदा अग्लो जस्तो लाग्थ्यो
तर, आज मेरो उचाईपनि होचो बनायो !!

साना नानीहरूलाई सोधे हुन्छ
दूध,चामल पसलबाट आउँछ रे

गुन्द्रुकको रुख कत्रो हुन्छ भनी सोध्ने बनायो
थाहै नपाई तिम्रो सहरले पापी बनायो ।

धर्म गर्न मन्दिरमा पूजा गर्नु पर्छ रे
साँझको पाहुना गेस्ट हाउस जानू पर्छ रे
आगोमा पकाको ढिंडो खानु फेसन पोमान्न थाले
साच्चैं नै तिम्रो सहरले पापी बनायो ।

पढाउने नाममा नानीहरूलाई मन्टेसोरीमा कोचेको छ
वृद्धाश्रमको बासले बा आमाको मन घोचेको छ
जुँगाको रेखी नबस्दै पिआर र डिभिको सपना देखायो
मानवता मरेको तिम्रो सहरले मलाईपनि पापी बनायो ।
(२०७६/०१/०५ गते बिहीबार)

ईच्छाहरू

कोमामा छन् ईच्छाहरू
सन्जिवनी दुर देख्छु
आकाङ्क्षालाई बिटमार्दै
थौरै मनका भाव लेख्छु !!

लोलाएका आँखाहरू
कतिन्जेल उघ्रिने हुन्
निस्पट्ट छ बाँकी बाटो
केवल अन्धकार देख्छु !!

भत्किएका सोचहरू
चोईटिएर उछिटिन्छन्
सम्हालिन्न जब यो मन
अनि यस्तै शब्द लेख्छु !!

अभिशाप पक्कै हैन
खुसी टिप्ने रुख छैन
लथालिङ्ग कोरिएका
शब्द मनमनै मेट्छु !!

कोमामा छन ईच्छाहरू
ब्युँताउने जोश मर्यो
न त चल्छन् पाइलाहरू
सन्जिवनी दूर देख्छु !!
२०७६/०१/०२ गते सोमबार

अन्त्यमा

कसैको आँखामा बिझाँउनु नपरोस्
कसैको अगाडि शिर नझुकोस्
नमस्ते किन खानु पर्या छ र ??
नराम्रो भनेको कहिले सुन्न नपरोस् !!

चार जना मलामी कमाईयोस्
बाँच्दा कुँजो हुन नपरोस्
मेरा नेत्रले कसैले संसार देखुन्
कसैका लागि जाल बुन्न नपरोस् !!

मन कहिल्यै अमिलो नहोस्
बिचार कहिल्यै धमिलो नहोस्
असल थियो मात्र भनिदिए पुग्छ
कुबिचार कहिल्यै चुम्न नपरोस् !!

२०७५/१२/१३ गते बुधबार

समृद्ध नेपाल मेरो सपना

कति जाँगर छ जोश छ
अनि एउटा सपना छ !!
बुद्ध र सगरमाथा चिनाइसकें
जनक अनि भृकुटीपनि चिनाई सकें !!

अब एउटा सपना देख्दैछु
जिम्मेवारी काँधमा बोक्नुछ
शान्ति, विकास अनि समृद्धिको
एक्काइसौं शताब्दीको म नेपाली
दासत्व पटक्कै स्वीकार्दिन

कोशी अनि नारायणीमा जहाज तैर्याउँदैछु
पहाडको पानी बेच्छु
कर्णालीको जडिबुटी
अनि तराईको अन्न !!

सीमाना साँघुरो छैन अब
मलाई खुम्च्याउन नखोज
अनेक जातिकोमाला भित्र
म आफूलाई अटाउँछु!!

अनि साँच्चै एउटा सपना देख्दैछु
समृद्ध नेपाल अनि नेपालीको !
आन्दोलन चाहिन्न मलाई
युद्ध मैले थन्क्याईसके

तराईमा मुसहरको जीवन उकास्नु छ
पहाडमा सुन फलाउनु छ!
बस
मैले एउटै सपना देखु छ

भरिएका लास नआउन बिमानमा
मेरो पाखोबारी बाँझो नबसोस्
मेरा बा आमाले आश्रम खोज्नु नपरोस्
मेरा लालाबाला सुरक्षित घर आईपुगुन्

साच्चै मैले एउटा सपना देख्दैछु
हाम्रो नेपाल समृद्ध नेपाल !!
(तर मेरो सपना बिपना कहिल्यै हुन्छ जस्तो लाग्दैन
प्रत्येक उज्यालो सङ्गै मेरो सपना तुहिन्छ)
२०७५/१२/०१ गते शुक्रबार

शून्यता

आज आफैं देखि दिक्क लागेर आयो
कालो बादल मडारिएर आयो
मस्तिस्कमा शून्यता छायो
अनि आँखा उघार्दा अनकन्टार भएर आयो !!

मनको ज्योति निभेको देखें
तन थङथिलो भएर आयो
हात गोडा लोलाए
अनि मन अमिलो भएर आयो !!

होस् उडेझैं भयो
जोस् लुकेझैं भयो
आँखा धमिलो भएर आयो
चित्त अमिलो भएर आयो !!

र पनि जीवन चलेकै छ
सपना क्षण क्षणमा ढलेकै छ
उज्यालोमा बादल छायो
फेरि मन अमिलो भएर आयो !!
२०७५/१०/६ गते आइतबार

जीवन र अभाव

जीवनका खाल्डाहरू कहिलेपनि पुरिएनन्
साना साना प्वालहरू कहिलेपनि थुनिएनन्
एउटा प्वाल टालुँ भन्दा अनायासै अर्को बन्छ
बनाएका जोगि खल्ती कहिलेपनि भरिएनन् ।

त्यसै त्यसै हुइँकिदो छ ठोक्की कतै लडिन्छ कि
असफलता जिउन्जेल घाउ बनी गडिन्छ कि
अभिशाप हुने हो कि पैसामाथि जीवन बाँच्यो
आज भोलि भन्दा भन्दै मृत्युलेनै बिर्सन्छ कि ।

भविष्यका यात्राभरि अनकन्टार भूगोल छ
बर्तमानका पाइलाभरि अभाव र अन्योल छ
भूतलाई सम्झिदा झन् निराशाको चाङ लाग्छ
रीति सम्झे समाजको जीवन झनै भद्रगोल छ ।

उकालीका पाइलाहरू अघि बढ्दा चिप्लिन्छ कि
एकोहोरो पछिलाग्दा दुनियाँनै बिर्सिन्छ कि
मन भित्रको जिज्ञासाको एक उत्तर खोज्दा खोज्दै
खाली मगज भरिने भो सही उत्तर सकिन्छ कि ।
२०७५/१०/०४

दिक्क भो

मनको अमन कहाँ गयो साह्रै दिक्क भो
भगवानले भन्दै होलान् बल्ल ठिक्क भो !!
मित्रुपनि हास्न थाले साह्रै दिक्क भो
शत्रु त शत्रु भए भन्छन् ठिक्क भो !!

हुइकिँदा ठक्कर लाग्यो, अनि दिक्क भो
टाउकामाथि टेक्दै भन्छन् बल्ल ठिक्क भो
मनको चयन कहाँ गयो साह्रै दिक्क भो
भन्नेमान्छे पाइन छाडे बल्ल ठिक्क भो !!

बाँकि जुनी पार लाउन साह्रै दिक्क भो
खुच्चिङमात्र भन्छ दुनियाँ अनि ठिक्क भो
मनको चयन कहाँ गयो साह्रै दिक्क भो
भन्नेमान्छे पाईन छाडे बल्ल ठिक्क भो !!

२०७५/१०/०२ गते बुधबार

शुभकामना नयाँ बर्षको

धोती च्यातेर रुमाल बनायौ
हाम्रो कराईलाई हेल्मेट बनायौ
भुटेको मकैलाई पपकर्न बनायौ
बैसाख बिर्सेर पौषमा नयाँ बर्ष मनायौ।

घैंटोको पानी कोल्ड ड्रिन्क्स बनायौ
परालको गुन्द्री म्याट बनायौ
बैसाखको अत्तोपत्तो छैन हजुर
पौषमा नै नयाँ बर्ष मनायौ ।

गाउँलाई खण्डहर बनायौ
कतार र मलेसिया उर्बर बनायौ
तुलसी उखेलेर फाल्यौ हजुर
उस्की क्रीसमसलाई मेरी बनायौ।

गाउँका गोरु बेची ट्र्याक्टर बनायौ
खसिकोमासु मटन बनायौ
अब सबै बिदेशी भईयो हजुर
बैसाख होइन पौषमै नयाँ बर्ष मनायौ ।

नयाँ बर्ष २०१९ को शुभकामना !!
२०७५/०९/१२ गते बिहीवार

अहिलेको समय

आजकल मेरो कलम रुन छोडेको छ
त्यसैले कविता नि फुर्न छोडेको छ
सोमरस थोरै लगाउन पाए हुन्थ्यो
पहिलो पटक यस्तो अवसर जुरेको छ ।

मनमा कति शब्दहरू फुरेको छ
मनका भाव पोखेमाध्यम जुरेको छ
बुक भए कहाँ पढिन्थ्यो होला र हजुर
फेसबुकको पाना घन्टौंसम्म कुरेको छ ।

आजकाल लेख्ने कपि बिरानो हुन थालेको छ
कलमलेपनि आँसु झार्न छाडेको छ
रबर झैं तन्किन्छन् फेस बुकका पानाहरू
देख्छु आजकाल सबैलाई महङ्गो मोबाइल जुरेको छ !!
२०७५/०९/०३ गते मंगलबार

जीवनको खाल्डो

एउटा प्वाल बन्द नहुँदै
अर्को भ्वाङ पर्या छ
भौतिक शरीर सारसौंदो होला
मन कत्ति मर्या छ !!

आखिर खाल्डै रहेछ जीवन
जानू पर्ने खाल्डैमा
उत्तरार्द्ध नपुगी सेलाउछ कि जीवन
साच्चै मन कत्ति मर्या छ !!

रुवाएर कसैको मन
हाँसो कतिन्जेल टिक्ने हो
खुसी त सधैं मैमत्त होला
एउटा मन कत्ति मर्या छ !!
२०७५/०८/१६ गते आइतबार

सानी

सानी !!
म त यस्तै पो छु त
तिमीमाया गरिरहन्थ्यौ
म भने भागिरहन्थे !!

जीवनमा कत्ति चोट सह्यौ सानी
सायद म सुध्रिन्छु भन्ने आशा अझै होला है ?
तर के गर्नु बिडम्बना !!
न त मैले जीवन बुझें !!
न तिमीलाई !!

बिर्स सानी !!
भन्न कसरी सक्छु ?
समयले धेरै पर धकेल्यो मलाई
अब बल्ल
तिम्रोमायाको परिभाषा बुझ्न थालें !!
कत्ति आँसु झार्यौं
नाटक लाग्थ्यो
कत्ति बिलापिन्थ्यौ
झर्को लाग्थ्यो !!

साच्चै सानी
तिम्रोमायाले तानेर ल्यायो
मैले त आफैलाई फ्याँकिसकेको थिएँ

थाहा पाएँ
तिमी अझै मेरो बाटो हेर्दैछ्यौ रे
मेरै नाममा सिरानी भिजाउँछ्यौ रे

अब छोड सानी
म चाहेरपनि नजिक आउँन सक्दिन
त्यसैले त अन्तिम पटक
तिम्रो नाम लिदैंछु
अनि तिम्रो नाममा
दुई शब्द कोर्दैछु
सानी सानी
२०७५/०८/०६ गते बिहीबार

तस्बिरमा माला

नशा हो यो कस्तो भन पिउँदै नपिईकनै
लाग्या हो कि दशा कस्तो काल नआईकनै
बेखबर भए न त थाहा छ के भएको हो
सुन्दर रुप कुरुप भयो नशा नपिईकनै ।

समीपमा लाज लाग्ने कस्तो हो यो रोग
मृत्यु शैया प्यारो लाग्यो डोली नचढिकनै
आफ्नै मुहार हेर्दा किन बीचरा लाग्न थाल्यो
चाउरी परे ललाटमा सबै उमेर नपुगिकनै ।

खै किन हो तिम्रो नजर कठ्घरा लाग्दैछ
ढोका सबै बन्द गर्यौं नजिक नआईकनै
मासु सुकी अस्थिपन्जर देखियो ऐना सरि
आउछन् कि त यमराजपनि काल नआईकनै

लखेटेझैं पर पर हात त्यसै हल्लिए
ओझेल भयौ पुरै जीवनमा नाम नलिईकनै
छाप छोडिदियौ सधैंको तस्बिर छोडेर गयौ
झुन्डिएछमाला तस्बिरमा मृत्यु नभइकनै ।

२०७५/०८/०२ गते आईतबार

अचम्मको काठमाडौं

गाउँ बिर्सायो
ईच्छा बढायो
मानवता नासियो
अचम्मको काठमाडौं
जो झुल्कियो यहाँ
बिचरा यतै भासियो !!

हाम्रा गाउँमा यस्तो छ भन्या छ
दिनरात काठमाडौंलाई गाली गर्या छ
हेर्दा हेर्दै गाउँ मासियो
अचम्मको काठमाडौं
काकाकुल छ थाहा छ
साच्चै हो यतै भासियो !!

मुखमा मखुन्डो टाँस्या छ
बाग्मती र बिष्णुमतीसँग साइनो गास्या छ
मेलम्चीको सपना मज्जाले देख्या छ
अचम्मको काठमाडौं
किन्ने बित्तिकै ताजा नि खाको छ
मोहनी केले लगायो
यता आयो यतै भासियो !!

बुङ्बुङ्ती धुलो उडया छ
बाटो भरिएर पेटिमाथि गाडि गुडया छ

कराउने कराउँदै छ
अचम्मको काठमाडौ
यहाँ हराउने हराउँदैछ
साच्चै यो पवित्र स्थलमा
मानवता मासिदैछ
र पनि किन हो आज
मान्छे यतै भासिदैछ ?

२०७५/०७/२९ गते बिहीबार

तिमी टाढा जाऊ

टाढा जाऊ तिमी अब
छेउ नआऊ बिर्सिदिऊ
सके भुल यो जुनीमा
एउटा चिनो फिर्ता लेऊ ।

तिम्रो साथ खुशी थियो
एकै पलमा ढलिगयो
म नै रहेछु बैगुनी त
आँसु भित्र जलिरहयो ।

लोलाएका नजरले
निस्पट्ट त्यो अध्यारोमा
एकान्तको साथ बनी
मन्द मन्द जलिरहयो ।

टाढा जाउ खुशी बोकी
एक्लै एक्लै बाँचिदिन्छु
सक्छौ यमलोक आऊ
एउटा खुशी राखिदिन्छु ।

२०७५।०७।१९ गते सोमबार

नतमस्तक

नतमस्तक भइयो
अलमलमा परियो
जीवनको अर्थ खोज्दै
आज सम्म पढियो ।

मनुष्यको चोला यो
भुलभुलैया जस्तै हो
शिखर चड्छु भनेथें
पुछारमै लडियो ।

स्वीट्जरल्याण्ड बनाउने
सपना नि देखियो
सोमालिया जस्तो नि
यो जुनीमै देखियो ।

फूल रोपे भनेथें
पलास पो परेछ
यमराजले बिर्सेर
आयु पर सरेछ !

के पो बोल्नु थाहा छैन
शब्द सबै हराए
दिक्क लाग्दो जीवनमा
अनाहकमा कराए !!

बिकिसक्यो सबै थोक
बेचुँ सबै रित्तियो
छैठीको भाग्यरेखा
उ बेला नै मेटियो
२०७५।०७।१६ शुक्रबार

आवाज भित्रको आवाज

गला अबरुद्ध छन्, मन पोलिरहन्छ
एउटा आवाज भित्र भित्रै बोलिरहन्छ ।
कुनै रोग होइन, टन्न रुचि हुन्छ
तर आवाज बन्द जस्तै
आवाजभित्र एउटा आवाज रोइरहेछ ।

इसारा कस्ले बुझ्ने
सबै आफ्नै धुनमा
चिच्याउन पर्खिरहेछ
आवाज भित्र एउटा आवाज रोहिरहेछ ।

भक्कानो फुट्छ
आँखा रसाईरहन्छ
आँखाको भाव कस्ले बुझ्छ
आवाज भित्र एउटा आवाज बोलिरहन्छ ।

सुनेरमात्र के गर्नु
भित्र भित्र गुम्सि रहन्छ
कोमामा गयो आवाजपनि
शिथिल भयो अस्थिपन्जर
अलि अलि धडकनमात्र चलिरहेछ
एउटा आवाज खरानी झैं बलिरहेछ ।
२०७५।०७।०८ बिहीबार

नरुनु ल

म त सुखपो खोज्दै छु त
धेरै सुख
नेपालमा आउँदा लाहुरे भन्छन्
तातो हावा श्वासै जालाजस्तो गर्मी
प्रिय म त सुख पो खोज्दैछु त ।

तिमीलाईपनि पठाउन मन थिएन होला
साथी सङ्गीकोझैं मेरो हात समाएर
बेसीको बजार घुम्न मन थियो होला
तर के गर्नु तिम्रो मायाले यहाँसम्म पुर्यायो
नरुनु ल प्रिय म सुख खोज्दै छु त ।

के गर्नु ?
आमैलाईपनि रोग लाग्यो
बा आँखा देख्नुहुन्न
कठै ! तिमी कसरी सम्हालिन्छौ प्रिय
केवल तिम्रै लागि म सुख पो खोज्दैछु त ।

यहाँ !
न त निन्द्रा लाग्छ ,न खान मन लाग्छ
कामले एकछिन टुसुक्क बस्नपनि पाईन्न
शरीर सबै थङ्थिलो भा छ प्रिय
नरुनु ल म सुख पो खोज्दै छु त
२०७५/०६/३० गते मंगलबार

शुभकामना छोरालाई

मुटु भित्र बास तिम्रो
अनि थोरै आश तिम्रो
मुस्कान यस्तै रहिरहोस्
माया लाग्छ खास तिम्रो ।

प्रगतिको पथ तिम्रो
सगरमाथा चुमिरहोस्
इमानी र सज्जन भनुन्
नाम लिउँन खास तिम्रो ।।

ठूलो हैन ज्ञानी हुनु
आकाश हैन मन छुनु
तिम्रो मुस्काननै खुशी हो हाम्रो लागि
जीवनका हरेक पाइला चम्किला हुन्

तिम्रा हरेक पाइलाले देवत्वको बाटो रोजुन्
एकछिन व्यस्त हुँदा समाजमा तिमी खोजुन्
नकमाई शत्रु कहिल्यै ठूलो होइन असल बन्नु
चन्द्रमामा घर होइन भानु ले झैं कुवा खन्नु ।
जन्म दिनको धेरै धेरै शुभकामना छ छोरा तिमीलाई ।

परदेशी

भूकम्पले घर खायो, खेत साहुले खायो
पीर मान्छिन् प्यारी उता, भाग्यले परदेश ल्यायो
पाखोबारी खनी खोस्री, न त जाउलो पुग्ने
सिम खेत साहुले खायो, खल्तिले सँधै पिर्ने

दुःख पन्छाई, सुख खोज्न, परदेश आएँ
लालाबाला, उनी सम्झी, एकोहोरो भएँ
कस्तो खोटो भाग्य मेरो दुःखमात्र देख्छु
सम्झाउँन प्यारीलाई, एउटा चिठ्ठी लेख्छु ।

साथी सङ्गी हात समाई टीका थाप्न जान्छन्
कुरा काट्छन् मलाई सम्झी पैसा छाप्छ भन्छन्
बाबा आमा आँसु झार्छन् बाटो कुर्छन् मेरो
मेरी प्यारी भक्कानिन्छिन् फोटो हेर्दै मेरो ।

यसपालीको दशैंपनि मान्छु भेडीगोठमा
अर्को साल पक्कै आउँछु हाँसो ल्याऊ ओठमा
सिमखेत उकास्नु छ साहुको ऋण तिरी
खुशी ल्याउँछु मेरि प्यारी दुःखजिलो गरि ।
२०७५/०६/१५ गते सोमबार

स्यालको बिगबिगी

कलिला मुना निमोठिन्छन् अचेल
स्यालको बिगबिगी जोगाउन गाह्रो
नफक्रिकनै चिमोटिन्छन् अचेल
फूल फुलाउन र जोगाउनै गाह्रो

ब्वाँसाहरू कुर्लिन्छन् अचेल
बस्तीमा भेटिन्छन् जङ्गलमा गाह्रो
आगनको मुना लुछिन्छन् अचेल
स्याहार गरि हुर्काउन गाह्रो !!

बस्ती बस्तीमा स्याल बस्छन् अचेल
हेर्दा साधु छन् छुटयाउन गाह्रो
जोगाउनुस् मुना, जिउन असहज भो हजुर
स्यालको बिगबिगी भो हटाउन गाह्रो !!
२०७५/०६/१४ गते आइतबार !!

बाउको मुख हेर्ने दिन

फेसबुकको भित्तो फोटोले भरियो
औशीमा बुबाको सम्झना गरियो
बृद्धाआश्रममा छैन ठाउँ खाली
साच्चै नै असल छोरो न परियो !!

सहर पसेको न त छोरो फर्कन्छ
नभेटुँ लाग्दो हो पर पर तर्कन्छ
घर खाकी छोरी किन आउँथी फर्की
के छ बाबु भन्दा उल्टै झर्कन्छ ।

न त सकियो गरेर खान
यमराजले बिर्से हरेर लान
औशीको दिन सम्झिएस् बाबु
न सक्छु हिड्न न कतै जान ।

मेरो जन्म

खुशी छायो कान्छो छोरो जन्म लिएँ मैले
जीवनका जङ्घारहरू तरिराछु अहिले
प्रत्येक बर्ष खुशी मान्यो उमेर वहि रहयो
बसन्तका पालुवामा शीत झरी रहयो ।

स्वर्णीम यो संसारमा रमाउने कति
तीखा काँडा पन्छाउँछु खुशी हुने जति
ठूलो होइन असल देखुँन भलो सोचे हुन्छ
पाइला पाइला निरास हुँदा मन धेरै रुन्छ ।

धन्यबाद छ सबैलाई शुभकामना पाएँ
खुशी हुन बिहानीमा मन्दिरपनि धाएँ
माग्या छैन कुनै कुरा स्वस्थ भई रहुँ
मानिसका नजरमा असल हुन पाउँ ।

दुलालको कुल भित्र जन्म मेरो भयो
खुशी छायो उमङ्गले उज्यालो नै छायो
समाजमा नाम राख्ने कोसिसहरू अझै
अघि बढछन् पाइलाहरू हिम्मत आउँछ अझै ।
२०७५।०५।२३ आइतबार

तीज र पुरुष

कुशे औंशी लागिसक्यो माईत जानुपर्यो
तीज लाग्यो पुरुषका तरर आँसु झर्यो ।
कार्यालय जानलाई सधैं हतार हुन्छ
जुठा भाँडा बजाउँदै एकफेर रुन्छ ।

तीज आयो टेन्सन बढ्यो भन्छन् पुरुषहरू
पानी नखाई व्रत बस्छन् किन महिलाहरू
शिव जस्ता पति मेरा रक्सीमात्र पिउँछन्
लामो आयुमाग्छु म त हेरु कति जिउँछन् ।

होटल होटल जानु पर्ला पकाउँछ कस्ले
केही दिन दुःख हुन्छ भाँडा माज्छ कस्ले
तीजपछि पन्चमीमा फेरि व्रत बस्ने
भोक भोकै बस्दा बस्दा रोग ले नि डस्ने ।

साथी भाई भेला भई म्यारिज खेल्नु पर्ला
सोमरस चुस्की लगाई रमाउनु पर्ला
खुट्टा धोइ पानी खान बूढी बोलाउँछे
रक्सी खाई मात्या देख्दा झनै टोलाउँछे ।

२०७५/०५/१७ गते आइतबार

भोगाई

कुनै दिन कुबाटोमा हिंडिएछ कति कति
जीवनका भोगाईहरू दुखित भए कति कति
स्वार्थी यो दुनियाँमा सबै आफ्नो दुनोमात्रै
सोझ्याउछन् आफैं तिर कुम्ल्याउछन् आफूमात्रै ।

बाध्यताले कति कुरा मन भित्र दमन भयो
अहंकार खेर जाँदा भाग्यपनि दोमन भयो
बलजफ्ती स्वीकारेका समाजका ढोङहरू
बिस्फोट नभई जलिरहे खेर गए जोवनहरू ।

सन्निकट आएजस्तो स्वर्ग जस्तो दिनचर्या
अनुभूति हुन्न रहेछ सोचाई जस्तो दिनचर्या
आलिङ्गन नभएनी परैबाट सुखसयल
थुपरिए अभाव संगै पत्रै पत्र दुःखी मयल ।

जन्म सङ्गै कोरिएका निधारका धर्साहरू
जवानीमा भेल बग्छ पसिनाका बर्षाहरू
अचम्म यो भोगाई र हत्केलाका रेखाहरू
मेटिन्छन् कि आज भोलि भाग्यको यो लेखाहरू ।

पाइला पिच्छे तीखा घोचा प्वाल पार्न तेर्सिदिन्छन्
थकित यी आँखाबाट दुःखी आँसु बर्सिदिन्छन्
सोच्ने गर्छु यो जुनीमा यस्तै कर्म लेख्या रहेछ
झ्वास्स ब्युँझी आँखा खोल्दा सिरानी पो भिज्या रहेछ ।
२०७५।०४।३१ बिहीबार

कर्म अनि फल

असारमा धान रोप्दा पसिनाको भेल बग्यो
धानका बाला पोच्चिए सबै मङ्सिरमा आँसु बग्यो
खेतबारी खनी खोस्री बल अब बाँकी छैन
ऋण लाग्यो मुखियाको तिर्ने उपाय केही छैन ।

ठूलो छोरो बेगारी भो जेल बसि सुध्रिन्छ कि
सानो कान्छो सहर पस्यो बा आमा बिर्सन्छ कि
छोरीले त सहरमा भुस्तिघ्रेनै फेलापारी
आज हो कि भोलि जस्तो घाम डुब्ने डाँडापारि ।

निधारका धर्साहरू कुनबेला कोरिएछन्
आज भोलि भन्दा भन्दै रुप सबै फेरिएछन्
कुन दिनमा छोरा पढे कर्म गरि खाने आश
नर्स पढ्न गकि छोरी भुसतिघ्रे सङ्गै बास ।

छिमेकीले खोलिदियो गाई गोरु बारि भरी
आँखा तर्छ चुप लाग्छु आँसु आउँछ आँखा भरी
पाखुरीका बल सबै उमेरले खाइदियो
कुन जुनीमा पाप गरें फल यस्तै भइदियो ।

यमराजले बिर्सिगए चार बिसा कटिगयो
सन्तानले बिर्सिदिंदा लौरोपनि भाँचिगयो
न त यसै श्वास जाने दैव अझै दुःख दिन्छन्
अंशमागी छुट्टिनु छ छोरा झनै पीर दिन्छन् ।
२०७५।०४।२५ शुक्रबार

तिमी र म बीच फरक

मान्छे तिम्रोमापनि आए, मेरोमापनि
तर ! तिमीलाई रातो सारी लिएर आए,मलाई पिताम्बर
कपडा तिमीलेपनि लगायौ,मलाईपनि लगाईदिए
तर ! तिमीलाई बेहुली कपडा पहिराए,मलाई सेतो कात्रो !!

मान्छे तिम्रोपनि निस्किए,मेरोपनि
तर ! तिम्रो जन्ती बनेर निस्किए,मेरो मलामी
फूल तिमीलाईपनि बर्साए,मलाईपनि
तर ! तिमी सजिएर गयौ,मलाई सजाएर लगे !!

तिमीपनि घरबाट निस्कियौ, मलाईपनि निकाले
तर ! तिमी उठेर गयौ, मलाई उठाएर लगे
भीड तिम्रोमापनि थियो,मेरोमापनि
तर ! तिम्रो भिडमा बाजा बजेको थियो,मेरोमा शँख !!

स्वागत तिम्रोमापनि थियो,मेरोमापनि
तर ! तिमीलाई जग्गेमा राखेका थिए,मलाई चितामा
आगो तिम्रो छेउमापनि बलेको थियो,ममाथिपनि
तर ! तिम्रोमा होम बालिदै थियो,मेरो जीवन !!

दुनियाँ त्यही थियो !!
जस्ले तिमीलाई आफ्नो बनाए,मलाई जलाई दिए
तिम्रो जीवन सुरु भयो,मेरो अन्त्य भयो
त्यसैले ! तिमीलाई भुल्न सक्दिन म सयौं जुनी मरेपनि !!
२०७५/०४/१५ मंगलबार

दारुको कमाल

दारुको चुस्की स्वाद नै बेग्लै
झुम्नुको मज्जा त्यो भन्दा बेग्लै
लुलो छ गोडा घर पुग्दा ढिला
कुचोको झम्टाईको मज्जा छ बेग्लै !

घरकीले भन्छे दारुलाई छोड
भट्टीवाली भन्छे पारुलाई(श्रीमती) छोड
फुलेर पेट डाक्टर कहाँ गएको
डाक्टर भन्छ जिउन नै छोड !!

रक्षानमा त्यसै फ्याकिएँ म त
न कुनै दोष न्याकिएँ म त
फेर्दैछु श्वास कनि र कुथी
मर्छु कि क्या हो छिट्टै नै म त !!!

जन्म नै मृत्यु कुर्नलाई हो नि
दुःख र पीडा आफ्नै त हो नि
को छ र खुशी दुःखी छ संसार
चिहानकै बास हुने त हो नि !!!

बिर्सेर सबै दारुलाई रोजें
जिउन गाह्रो भो मृत्युलाई रोजें
स्वार्थी छ दुनियाँ दारुले भन्यो
ओछ्यानले घोच्यो मृत्यु शैयानै रोजें !!!
२०७५।०४।०४ शुक्रबार

एउटा प्रेम

हाँसिरहने हो कहिल्यै रुन्न भनेर गई
बेकारमा आँसुले सिरानी धुन्न भनेर गई
जिन्दगीमा बल्ल एउटीलाई पाएँहोला भनेको
स्वार्थी रहेछौ तिमी त हुन्न भनेर गई ।

मेरो आँखा भरी आँसु भिजाएर गई
अर्कैलाई भेटी कि क्या हो गिज्याएर गई
मेहन्दीले हातमा नाम लेख्छे होला भनेको
मुटु नै चसक्क हुने गरि बिजाएर गई ।

अर्कैले रातो सारी किनिदिन्छ भनेर गई
औंला भाँची लगनको दिन गनेर गई
जीवनमा बल्ल एउटी सानी पाए होला भनेको
गोरे नै ठीक छ अब काले हुन्न भनेर गई ।
२०७५/०४/०३ गते बिहिवार

भाग्य

मुरी फल्ने बिज छर्दा घुनमात्रै छर्न पुगें
उन्नतिको फल भित्र खोक्रो कोया टिप्न पुगें
लाग्छ यस्तो सुख सयल एकादेशको कथा जस्तो
अघि बढदा लौरो छुटयो चसक्क भो मन कस्तो ।

कर्णालीलाई दुःख मान्दा काठमाडौंको सुख खोजें
भाग्यमानी सम्झे आफैं सुस्त सुस्त दुःख रोजें
फुरुङ्ग भो मन जब गाउँ बिर्सी मनले भन्यो
पाइला पाइला अभावमा प्रगतिको दिन गन्यो ।

कति ठूलो भाग्य मेरो काठमाडौंमा बास पाउँदा
ममता कि आमा बिर्सैं अनाहक को सुख पाउँदा
तिमीभित्र सुन्दरताको रुप बिर्सी लत्याउँदा
जलन हुन्छ चिरिन्छ मन बिगतलाई कोट्याउँदा ।

दोष दिन्न भाग्यलाई चलन यस्तै चलेको छ
आर्यघाटमा स्वर्ग जान चितामा लास जलेकै छ
चिच्याउँछ मन दुख्छ मुटुको जलन कति सहनु
तप्प आँसु झर्छ अनि बिगत आउँछ एकफेर ।

बटारिन्छ पिडुँलाले कष्ट धेरै पाउँदामा
पापी पेट खालीनै छ काम कतै नपाउँदामा
कति बलियो भाग्य मेरो न त गाउँ न त सहर
अभावलाई कुना राखी सुख पाउने कत्रो रहर ।

२०७५।०४।०२ बुधबार

मात लाग्यो

रक्सी पिएँमात लाग्यो
पेट बढ्यो भात लाग्यो
रक्सीले नै खायो क्यारे
रोगै रोगको खात लाग्यो ।

साथी भाइ खुसी पार्न
चियर्स गरि पेग पिएँ
बानी लाग्यो पिउँनलाई
सुस्त सुस्त साथ दिएँ

साहुनीलेमाया गरि
उधारोको खात लाग्यो
टाउको लुकाई हिंड्न थाले
जड्याहाको बात लाग्यो ।

चुस्की लाउँदै सोमरसको
अर्को हातमा सिगरेट लिएँ
जवानीको घोर्ले उमेर
बट्टा बट्टा चुरोट पिएँ
सल्काएर ठुटाहरू
जवानीको जोश जाग्यो
ढल्न लाग्यो शरीर अहिले
यमराजले ठाउँमाग्यो ।

बाहुनको छोरो हुँ म
जनै लाएँ टुप्पी पालें
रक्सी खाने लत बस्यो
रिसै रिसमा जनै फालें

साथी भाईले साथ दिए
साहुनीले हात दिई
बिग्रेको बाहुन भनी
समाजको बात लाग्यो
जवानीमा मस्ती भयो
अहिले शून्य हात लाग्यो ।
२०७५।०३।२७ बुधबार

अर्थहीन जीवन

पीडै पीडाको प्यार भो
सपना सबै बेकार भो
क्षयरोग लाग्या जस्तो
रगत जमेको खकार भो ।

दुःख थुपार्न जीवन चल्दैछ
निभ्ने कहिले हो, धिप धिप बल्दैछ
हिजो को जोश जाँगर कहाँ हुनु अहिले
दिन दिनै जवानी ढल्दैछ ।

राराताल हुने सपना ढल्यो
बिष्णुमती झैं जोवन गल्यो
घाट जानै नपर्ने गरि
दनदनी हृदय जल्यो ।
२०७५।०३।२२ शुक्रबार

यात्रा

अँधेरीमै छोड मलाई
तिमी उज्यालो जून लिएर जाऊ
अन्तहीन यात्रा म एक्लै गरुँला
तिमी पाइलाको मिइन लिएर जाऊ ।

समयले एक्लै बाँच्न सिकाउँला
जन्मपनि त एक्लै थियो
मृत्यु आज कस्लाई थाहा छ र यहाँ
चितापनि त एक्लै रुँदै थियो ।

फूलको कोमलतालाईपनि
कठोर काँडाको सहारा हुन्छ
उज्यालो पछि जब रात आउँछ
त्रासले खै किन हो यो मन रुन्छ ।

आँसुले बिझाउछ अचेल
सायद सबै रित्तिसक्यो
लाग्छ यस्तो संसार शून्य छ
मानवता यहाँ रित्तिसक्यो ।

सहारा बनाऊन नखोजेको होइन
सोमरसलाई अपनाउन खोजे
अनायास दुर गयौ अनि
अनुत्तरित एउटा प्रश्न सोधें ?
२०७५/०३/१३

पुकार

अर्थहीन मान्यतालाई
मलजल गर्न छोड ईश्वर ।
तिम्रो यो ख्यातिलाई
सदावहार राख ईश्वर ।

मान्दिन म तिम्रो कुनै ढोंग
तिमी पीर दिन्छौ भने !
मै हुँ भन्ने सोचलाई
परिवर्तन गर्दैनौं भने ।

किन यहाँ स्वार्थी भए
मानिस तिमीलाई चिन्न छोडे ।
यस्तै हुन्छ कालान्तरमा
तिम्रो भक्ती गाउन छोडे ।

नत कुनै रुप तिम्रो
कल्पनामै रमाउँने
बिन्ती सुन पुकार मेरो
लौरो भाँचियो समाउने ।

अब केही डर होला
रुप देख्न पाएँ भने
नत्र बिन्ती बिर्सदैछु
सन्सार सम्झी बिचित्रको ।
२०७५/०३/१२

समय अनि सोच

समयले माग्यो कतै
तिमी भित्र परिवर्तन
अनि! तिमी भुल्छौ सबै
उस्को गन्तव्य केवल
आफू भित्रको पुरानै पाराको छ ।

न त समय खुसी छ
तिमीसँग ! न तिमी
आफैं खुसी हुन सक्यौ ?
अपेक्षा धेरै तिमीमा !

तिमीले बलिदानी
दिएर ईच्छाहरू
लुकाउनु पर्ने !

समय कति अगाडि छ
तिम्रो शिरमा कुल्चिन
अरुका पाइलाहरू
तेर्सेकोपनि हेर !

केवल दुनियाँको
ढोंग लाई खुसी पार्न
तिम्रा पलाउदै गरेका खुशीका मुनाहरू
कलिलैमा ननिमठ ।
किनकी समय बलवान् छ र सोचपनि ... !!!
२०७५/०३/१०

पीडाहरू

ईच्छाहरू कोमामा गए
जांगर छैन मनमा
आशा भने जीवितै हुँदा
होश छैन तनमा।

नयनहरू रसाउदा
परेली भने हाँसिदिन्छ
एउटा मनमा आगो बल्दा
अर्को भने नाचिदिन्छ ।।

मुटु फुल्छ दुख्ने गरि
तैपनि हाँस्ने कोसिस गर्छु
उज्यालो त हुनै छाड्यो
अँध्यारो मै आशा छर्छु।

जिउँनुको आनन्दता
इतिहास पो बन्ला कतै
सकिन्न नि बेहोसीमै
खुसी लिन जता तते।।

तरँगित व्यथाहरू
छरपस्ट भएका छन् ।
सन्तुष्टिका पोकाहरू
जतातते छरिएका छन्

अझैपनि खुशी खोज्ने
गोरेटो खन्दैछु म।
मुहार हिंड्ने डोवहरू
किन किन पुर्दैछु म।
२०७५/०२/३० बुधबार

बेरिएको जीवन

भन्न अनि सुन्न सजिलो
सपना बुन्नपनि सजिलो
जेलिएको काठमाडौं
र जेलिएको जिन्दगी उस्तै छ

कसैलाई सुखभोग छ
कसैलाई दुःख अनेक थोक छ !!
वास्तवमा यो तारको बेराई हैन
काठमाडौंको वास्तविक जीवन हो
जसरी यो तार बेरिएको छ
मानिसपनी यसरी नै बेरिएका छन्

सुख,दुःख,मोज,मस्ती,रोदन र पीडामा
बेरिएको यो तार
अनि बेरिएको वास्तविक मानिसको जीवन
यथार्थ छ यो तारको बेराई र मानिसको जीवनको
वास्तविकता ।
२०७५/०२/२९ गते मङ्गलबार

अनुभूति

मनभरी आशा बोकि सपना पुरा होला कतै ?
बिचारलाई बिछ्याउँदा अल्मलिन्छन् पाइला कतै।
समर्थन पाउँछु जस्तो कता कता झिनो आश
आफ्नाले नै तीतो कुरा ओकल्दा रोकियो श्वास।।

पल्याक पुलुक हेरि कतै तप्प तप्प आँखाबाट
झार्न गाह्रो आँसुपनि नभएरै हो कि आँट
दोधार यो बिचारपनि शून्यमा नै रोकिएझैं
गला भित्रै आवाज कतै बोल्न नपाई सकिएझैं।।

मरेतुल्य हुनपनि समय पो बलियो कति ?
टाढा हुन्छु भन्छ मनले उति नजिक दृश्य जति
झर्को जस्तो उपदेश गाली सुन्न बसे जस्तो
गाढा भयो तस्बिर त्यो जरा गड्यो वृक्ष जस्तो।।

नसुन्न केही भन्छ मनले त्योपनि त अप्ठेरोनै
चुप बस्न सन्नाटाले भुमरीमा हराएझैं।
अमिलो भो मनपनि बुझ्न कति गाह्रो
बिझाउँछ श्वासलेपनि फेर्न भयो साह्रो।।

२०७५।०२।२८ सोमबार

चित्कार

चौबाटोमा भेटिन्छ कि, मुस्कान यो हराएको
कस्ले बुझ्छ र खै, चिताको लास कराएको
अनुभूत गरे पुग्थ्यो त्यो चिताको चित्कारलाई
न त आईया न त आत्थु कस्ले बुझ्छ डराएको ।

निधारको भाग्य हेर्ने यन्त्र भए बेस हुन्थ्यो
चटक्क यो चोलालाई छोड्न पाए बेस हुन्थ्यो
भाग्य फुटे चिरिन्छ रे अघि बढ्नेमार्गहरू
टपक्क ती यमराजले टिपे बरु बेस हुन्थ्यो ।

२०७५/०२/२४ बिहिवार

जीवनको भारी

आँसुले भिजेको जीवन सुकाउने ताप छैन
मेटिएन एउटा दाग हेर्दा कुनै छाप छैन
रत्तिभर बग्दा आँसु न त कुनै रुमाल पाउँछु
बाहिरी हाँसो आकर्षक भो हृदयमा चैन छैन ।

भोगाईका केस्राहरू केलाउदा सफा छैन
कसिङ्गर पाउँदिन तर किन फोहोर छैन
विवशता जरो गाड्दा उखेल्ने हो कसो गरी
देख्छु दुर दुर कति तर लाग्छ नयन छैन ।

बोझिलो भो भारी बिसाउँ चौतारी कतै छैन
नबिसाउँ थिचिसक्यो मनमा कुनै चयन छैन
घोत्लिएर सोच्दा सोच्दा सानो मगज रित्ती सक्यो
केवल दुई आँखा देख्छु आत्मा भित्र नयन छैन ।
२०७५/०२/२३ गते बुधबार

भाग्य

राम्रो साँच्ची छैठीले लेखेनछ
धेरै पखालियो खोट
साबुनले मेटेनछ ।

बुर्कुसी कत्तिमारियो पहिले
थिलथिलो हुनुपर्ने रै छ अहिले
तारबार धेरै लगाईयो तर छेकेन
एउटा ईश छ भन्छन् माथि,उसैले देखेन ।

नक्सामात्र कोरिएछ बाटोको
राँटा अझै देखिन्छन् टाटोको
रानीपोखरी झैं रोएको छ जीवन
खै किन हो छैठीले निधारमा लेखेन ।

निको नहुँदै घाउमा लार्भा सल्बलाएका छन्
साहस र जाँगर सबै डगमगाएका छन
खुशी त टाढै देख्छु हाँसो नि के ले छेकेछ
साच्चै भाग्यलेपनि असक्षम नै देखेछ ।
२०७५/०२/२० राती ११ बजे

शून्यता

न बोल्न सक्छु
न कुरा खोल्न सक्छु
पाईलै पिच्छे काँडाले
घोचेको महसुस हुन्छ
धन्न यी सब सहन सक्छु ।

एउटा बाटो बन्द देख्छु
अर्को बाटो अप्ठ्यारो
चस्स चस्स हुन्छ
फेरि यी सब सहन सक्छु ।

झस्किन्छु कतै मन शून्य हुने हो कि
अनि जाँगर चलाउन खोज्छु
तर कता कता शून्य देख्छु
र पनि यी सब सहन सक्छु ।

धर्तीले किन आकाश छोडयो
क्षितिजमा किन सधैं सन्नाटा छ
रन्थनिन्छ मन म आफै गलत हो कि
झस्स हुन्छु र यी सब सहन सक्छु ।

२०७५/०२/१६ गते साँझ ७.४५ बजे ।

घुम्टो

घुम्टो भित्र तिमी थियौ
कुनापसि आँसु झारें
अर्को जुनी के थाहा र
कयौं पटक मनमारें।

डोलिमाथि खुशी थियौ
अर्को खुशी मर्दै थियो
छिचोलेर भीडलाई
पर पर भाग्दै थियो।

भाग्य तिम्रो बनाऊन
साथ दिने अर्कै आयो
भक्कानिदै अरु कोही
धेरै पर भाग्दै थियो ।

आशिषको बाढी आयो
बधाईका खात लाग्यो
के नै दुश्कर्म भो र
यति बिघ्न बात लाग्यो ।

रमाउनु जीवनमा
परैबाट आशिष दिए
बिर्सनलाई कोसिस गरी
एक बोतल रक्सी पिए।

घुम्टो भित्र तिमी थियौ
कुना पसि आँसु झारें
अर्को जुनी के थाहा र
यो चोलामा माया मारें ।

२०७५।१।२ आइतबार

नयाँ बर्ष

तिमी आयौ नयाँ बर्ष मेरो आयु घटाउँदैछौ
उमङ्गमा भुलाएर बाच्ने आधार छोटयाउँदैछौ
हरेक साल खुशी बाडयौ ध्यान सबै आफैं तान्यौ
मन्द मन्द उमेर गएको अघोषितै बताउँदैछौ ।

बालापन खोसी सक्यौं बिर्साउदै तिमी आयौ
मीठो हाँसो तोतेबोली बिर्साउने मीत लायौ
जवानीमा उकासेर मैमत्त झैं बल दियौ
हरेक बर्ष झुक्याउँदै आधा उमेर त्यसै खायौ ।

कति सपना खोस्छौ अझै अन्जानमै कपाल फुले
तिम्रो नाम जपि जपि सोमरसमा मानिस झुले
भैगो तिमी नआउ अब खुशी सबै छिनिसक्यौ
जीवनको ताज खोज्दै गाउँ सहर गल्ली डुले ।

तिमी आयौ नयाँ बर्ष खुशी हो कि पीर बोकि
एक पाइला चाल्न लायौ फुस्स उड्ने श्वास रोकि
हरेक बर्ष आउने गर्छौं बाँडी बाँडी चुल्हे निम्तो
पीर व्यथा खोस पहिले अनि आउ ढोल ठोकि ।

२०७४।१२।२९ बिहीबार

म

आज म छु
त्यसैले वास्ता छैन
जब म हुँदिन
तब मेरो याद आउनेछ
अनि धेरै चर्चा हुनेछ !!!

कुनै दिन सम्झेर
पल्टाउनु मेरो जिन्दगीको पाना
सायद त्यो दिन
तिम्रो आँखामापनि पानी हुनेछ !!!

जीवन गाह्रो छ
त्यसैले सहजता छैन
जब सजिलो हुन्छ
तब प्रगती शून्यमा झर्छ !!!

अल्छि र लालसी बनी
जब गर्छौं अरुको डाहा अनि लोभ
सायद त्यो दिन
फेरि तिम्रो आँखामा पानी हुनेछ !!!

२०७४।१०।२० शनिबार

ट्रिपर आतंक

आजकल यमराज ट्रिपर चढेर आउँछन् रे
किनकि भैंसी सबै मोमोमा पोको परेछन्
चित्रगुप्तले आजकल लेखा राख्न छोडे रे
चित्रगुप्त त ट्रिपर ड्राइभर पो रहेछन् ।

ट्रिपर देखे परै भागौं रामराम भन्न भ्याइन्न
छिट्टैमाया गर्न खोज्छ आइया भन्न पाइन्न
भैंसीलाई रिस उठे सिङ्गौरी खेल्छ बरु
ट्रिपरलाई आई एम सरि नि भन्न पाइन्न ।

बाटो सबै मेरो भन्छ लाग्छ मातेरै आएको हो
एक दुई क्वाटरले के छुन्थ्यो पुरै ड्रम खाएको हो
देखे परै बाटो छोडौं हजुर नत्र यमराज झैं डर लाग्दो
भैंसी सबै मोमो भयो रिसले यमराज ट्रिपर भएको हो ।

२०७४।१०।१७ बुधबार

यो कस्तो रहर

पलपलमा झल्किदिन्छ अदृश्य त्यो मुहार नै
माग्छ मनले कति पटक सपनामा गुहारनै
सुक्ला कतै मुहान त्यो जीवन बगर नहोस् कतै
खुम्चिएको यात्रा भित्र सीमित भयो रहर नै ।

कोल्टे फेर्दा चस्स दुक्छ दुखाई बन्यो नियति नै
थकानका थाक कति निस्ठुरी भो नियति नै
ऐठन भै श्वास बस्दा संघर्षका कथा कति
लामो श्वासले फुल्छ छाती बैगुनी भो नियति नै ।

कोलाहल यो सहरमा बग्रेल्ती छन् रहरनै
रक्षानमा मिल्काएझैं रोगी देख्छु सहरनै
एउटा दृश्य अमीट लाग्यो सीमितताको जालो भित्र
खुम्चिएको यात्रा भित्र सीमित भयो रहर नै ।

२०७४।१०।१० बुधबार

मैले देखेको जानकी मन्दिर

भित्ताहरूमा पान खाएर पिच्च थुकेको डाम देखिन्छ
म त्यहीं भित्र एउटा भगवान खोज्दैछु ।

इतिहासले दिएको बर्तमानले हेपेको
त्यो जानकी मन्दिर भित्र म भगवान खोज्दैछु ।

हेपाहा मानिस आज भगवानलाई जित्न खोज्दैछ
तप्प आँसु झारी फेरिपनि भगवान रामको पाउ खोज्दैछु ।

पवित्र गङ्गासागर गङ्गा जस्तो देखिन मैले
फोहोरको थुप्रो भित्रमाता सीताको गाउँ खोज्दैछु ।

रामायणको जानकी नगर देखिन मैले
राजा जनकको पवित्र भूमि देखिन मैले

साच्चै जानकी नगरिको आत्मा खोज्दैछु
फोहोरको थुप्रोमाथि थुपारिएको भगवानको आत्मा खोज्दैछु ।
२०७४।१०।०५ शुक्रबार

आजकल

चिसो बढेर जाडो लाग्या छ
सोमरसले डरपनि भाग्या छ
दुई गाँस जाउलो छिर्न छोड्यो आजकाल
शरीरलेपनि सोमरस नै माग्या छ ।

लुकेर पिउँ जनै फाल्नु पर्छ
देखाएर पिउँ दुनियाँको डर छ
बिना नसा जाडोले नै खाला
अब केवल सोमरसकै भर छ ।

खुट्टा लुलो भइन्जेल पिउँनु
दुनियाँ छोडी आफ्नै लागि जिउँनु
मन फाटेको कस्ले देख्छ र यहाँ
उध्रेकै ठीक छ अब के लाई सिउनु ।

दिक्क लाग्दो जीवन हारेको छ
यमराजले मिति पर पर सारेको छ
झुम्म हुन पाए खुशी लाग्छ आजकाल
सोमरस बाहेक अरु सबै थोक बारेको छ ।

२०७४।०९।२४ सोमबार

राम्रो

अरुको खुशी खोसेर
खुशी नभएकै राम्रो
आफू दुःखी भएपनि
अरु हाँसेको देखेकै राम्रो।

लुकाएर जति सक्यो
दुःख नदेखाएकै राम्रो
कस्ले यहाँ देख्या छ र
पीडा लुकाएकै राम्रो।

अदृश्य यी भावनामा
अनाहक नबगेकै राम्रो
लुटिन्छ कि भावनानै
हरण नभएकै राम्रो ।

अनायास दुःखी बनी
आँसु नझारेकै राम्रो
सीमित भित्र बाँच्न सिक
धेरै नखोजेकै राम्रो ।

२०७४।०९।०८ शनिबार

अपरिचित यात्रा

स्तब्ध छु!!
निशब्द छु!!!
लिला कस्तो यो
अचम्भित छु !!!

अमर त कोही हुन्न नि
र पनि चिताको चित्कारसँग
भयभित छु !!!

जानु नै पर्छ
एकदिन छोड्नु नै पर्छ
त्यो लोक कस्तो होला
अपरिचित छ !!!

२०७४।०६।१६ सोमबार

मासु भित्रको दशैं

मासु भित्रको दशैंमा
कसैको आँसु झर्दैहोला
एउटा जिब्रो स्वादिलो पार्न
कति आत्मा मर्दै होला ।

अबोध त्यो जीवलाई
हजार टुक्रा पार्दाखेरी
चेतनशील मनपनि
बैतरणी पो तर्दै होला ।

सबैलाई समान होला
सृष्टि प्यारो रमझम
अमुक त्यो भगवानको
तप्प आँसु झर्दै होला ।

सबैमा बडा दशैंको शुभकामना
शाकाहारी हुन कोसिस गरौं

२०७४।०६।१२ बिहीबार

खोलभित्रको मान्छे

हेर्दा सुन्दर छ, मन कस्तो छ
उसैलाई थाहा होला
आडम्बरले भरिभराउ छ
खोलभित्रको मान्छे ।

प्रकृतिले सबै दिएको छ
भौतिकतामा रुमलिएको छ
आधुनिकतामा हराउँदैछ
खोल भित्रको मान्छे ।

प्रगतिको दौडमा
होमिएको छ
अन्तिम बिन्दु बिर्सिदैछ
खोलभित्रको मान्छे ।

तेरो र मेरो भाग लगाउँछ
सत्कर्म बिर्सिदै गएको छ
आगोको एउटै लप्कोले खरानी हुने भुल्दछ
किन हो खोलभित्रको मान्छे ।

धर्म रीति बिगार्दैछ
रगत भित्र जात खोज्छ
मानवतानै भुल्न थाल्यो
खोलभित्रको मान्छे ।
२०७४/५/३० पाटन अस्पताल

मेरो रोगी सहर

मास्कले धानेको छ शहर भित्रको यात्रा
स्मार्ट सहर कागज भित्र छ हाँडिगाउँको जात्रा
अस्पतालमा लाइन छ कस्तो ढोंगी यहाँको रहर
रोगले ग्रस्त भएको छ मेरो यो रोगी सहर ।

अल्छी भाछ्र दैनिकी चार पाङ्ग्रेमा बढ्दो छ नजर
धामी देखि डाक्टरको माग बढ्दो न छ कोही अमर
मकै बिर्सेर पपकर्न खाने कस्तो हो यो रहर
गन्धले नाकको प्वाल नै टालिने रोगी छ मेरो सहर ।

प्यारालाइसिस जस्तै देख्छु चोक गल्ली बजार
मान्छे धेरै बिचार अनेक चोर जाली हजार
जति बुझ्यो अपार यहाँ अनगिन्ती रहर
आधा आइसियुमा देख्छु मेरो रोगी सहर ।
२०७४।०५।२८ बुधबार

उपनाम

घमन्डीले हार्यो आज
पाखन्डीले हार्यो आज
उपनाम अमेट होला
मुखाग्रले मार्यो आज ।

बिर्सिएको बाटो हिंड्दा
मिहि नै पो भुल्यो आज
पर्सिएको बोकोले झैं
अन्तिम दृश्य देख्यो आज ।

बिचित्रको नाम सुन्दा
सन्दुक भित्रै राख्यो आज
चरित्रमा दाग लाग्दा
भित्र भित्रै पाक्यो आज ।

उपनाम अनेक थरी
एउटा नाम फुर्यो आज
गुमनाम आउदो यात्रा
सौभाग्यले जुर्यो आज ।

२०७४।०५।०९ शुक्रबार

धोका

अतृप्त तिम्रो सम्झेर माया
पछ्याउदै आए अदृश्य छायाँ
खोलीले मेटयो छहारी पसेछ
यता न उता रणभुल्ल भया ।

बुर्कुशीमारी लम्कियो गोडा
बाँझिने भयो मनको यो झोडा
हालेर मल गोडमेल गर्देऊ
इशले देख्लान मिलेको जोडा ।

भन्दै र पुग्दा उनको घर
लल्याक लुलुक भो चलेन हर
नफुटी बोली भित्रै दबिगो
हुन्न भन्थे कहिल्यै स्त्रीको भर ।

अर्कैले सिउँदो भर्दाको बेला
मनले भन्दैथ्यो भइस तँ हेला
बबुरो एउटा एता न उता भो
सम्झेर ल्यायो घाँस पात मेला ।

गरेर सुक्क तिम्रै हुँ भन्थी
कुबेर भेटिछ अहिले के गन्थी
भक्कानो छोड्दै लागेछ बाटो
मलामी भो मन न त भो जन्ती ।
२०७४।०५।०९ आइतबार

विवश म

न त चिन्न सकें
न त चिनाउन सकें
दुर थियो एउटा मन
न त आफ्नो बनाऊन सकें ।

एउटा कालो दाग थियो
न त कहिले मेट्न सकें
भावनाको दुरी झन् बढ्यो
न त कहिले भेट्न सकें ।

नजानिदो बात लाग्दा
न त कहिले छेक्न सकें
डुबेछु म चुर्लुम्मै
न त अहिले देख्न सकें ।

मडारियो कालो बादल
न त ओत लाग्न सकें
दाग रुपि बन्दुक तेर्स्यो
न त कतै भाग्न सकें ।

लोलाएर हातगोडा
न त जमिन टेक्न सकें
बाँचुन्जेल बात लाग्यो
न त त्यसलाई छेक्न सकें
२०७४।०४।२७ शुक्रबार

उत्तरार्द्ध

अन्तिम श्वासमा जिब्रो लर्बराउछ जब
तुलसी पानी चटाईदिनु श्वास हराएको बेला ।

जीवनलाई दुखाउने ठक्कर लाग्दा कतै
छेउ बसि सुम्सुयाउथ्यौ चक्कर लागेको बेला ।

कता गए आज तिम्रा स्वाङ्गमुखी माया
जीवनको अन्तिम अन्तिम श्वास चल्ने बेला ।

पर्दैन भो सुक्सुकाउनु आउँछ सबको पालो
भन्ने गर्थ्यौं हामी एउटै लुकि भेट्ने बेला ।

थोरै चन्दन पोतिदेऊ किन हुन्छौ पर
सके मन दुखाईदेऊ घाट जाने बेला ।

२०७४।०४।२५ बुधबार

अबोध मन

नियाल्छु तपतप शीतको थोपा म त
देखेर रमाउछु कसैको सपनी म त
पाउनु नपाउनु भावीको कुरा हो
मुटुमा सजाउछु र पनि म त ।

झस्केर उठें चस्केर मुटु
भन्दैथिइन् उनी अब त छुटुँ
मिलन बिन्दु त दुरै छुटे जस्तो छ
तिमी तम्सिने कि म आफै जुटुँ ।

सुनेर गीत झ्याउकिरीले गा'को
कुकुरको भौ भौ छल्दै म आ'को
खोलेनौ चुकुल दलिन नाघी आए
तिमी त मेरी भयौ लाग्छ डर बाको ।

अँधेरी रात तिमी छौ साथ
समाए मैले तिम्रो त्यो हात
जिउनु छ हामी यो दुनियाँ छोडी
कतिन्जेल गर्ने हो अझै श्वासले बात ।

२०७४।०३।२९ बिहीबार

निरस जीवन

चुँडिएको डोरी जोडिन जानेन
चुँडिएको मनपनि जोडिन जानेन
फेरि एक पटक बादल मडारियो
आँसुको बहावपनि रोकिन मानेन।

फगत एक शब्द निरस लाग्यो
फगत एउटा मोड निरस लाग्यो
नसोचेको मोड एक्कासी आयो
अनि अर्को असफलता हात लाग्यो ।

हार्न नचाहनेहरूलाई यस्तै हुन्छ होला
जित्न नसक्नेहरूलाई यस्तै हुन्छ होला
केवल हार र जितकोमात्र कुरा रहेन अब
निरासाको स्वाद पक्कै नमीठो हुन्छ होला ।

अन्तै मोड लियो फेरि जीवनले
हात शून्य लगायो फेरि जीवनले
विवशतालाई स्वीकार्न बाध्य हुँदा
फेरि भविष्य शून्य बनायो जीवनले ।

२०७४।०३।२३ शुक्रबार

सम्बन्ध

मैले समाउन खोजें
तिमीले हात छोडिदियौ
क्षणभरको आवेगमा
सम्बन्ध नै तोडिदियौ ।

निरासाको बादल लाग्यो
फटाउने बिट मर्यो
रसाएर नयन अनि
तप्प तप्प आँसु झर्यो ।

जति पीर लिएपनि
इतिहास प्यारो हुन्छ
खोट के हो थाहा छैन
चस्स चस्स हृदय रुन्छ ।

रिझाएर घर खाऊ
उसैसँग माया लाऊ
तिम्रो संसार उमङ्गित छ
प्रिय सङ्गै गीत गाऊ ।

२०७४।०३।०९

तस्बिरसँगको प्रेम

तिमीले दिएको तस्बिर हेर्दैछु
तिमी अबोध छौ
सुटुक्क तिम्रो माया चोर्दैछु
सामिप्यमा नभएर के भो त
मन भित्रै तिम्रो अर्को तस्बिर कोर्दैछु ।

बाडुलीले हिक्क हिक्क हुँदा
तिम्रो तस्बिर हेर्ने गरेको छु
तिमीलाई के थाहा ?
मनभरी केवल तिमीलाई भरेको छु
एक्लै एक्लै टहलाउँदा कयौं मरेको छु
तस्बिरसँग कुरा गर्ने बानी परेको छु ।

तस्बिरमा मात्र होइन तिमी मन भरी छायौ
तिमी नरिसाऊ
पीडा हुँदा कयौं पटक मन रोएको छ
तस्बिरले नै अबोध यो मन छोएको छ
नभन तस्बिर अब लुकाउन सक्दिन
तिमी उसै प्रिय छौ तस्बिर झन् प्रिय भएको छ ।

२०७४।०२।०५ शुक्रबार

पर्खाई

तिमी आउने बाटो कुरि दोबाटोमा पर्खिरहें
सुगन्धले लोभ्याउन अत्तरपनि छर्किरहें
आउँछु भनी कुराएर अन्तै बाटो लाग्यौ कतै
पीरतीको ढोका खोली जुनी जुनी पर्खिरहें ।

पन्छाएर कत्ति कुरा चौतारीमा टोलाइरहे
बाटो काटी अन्तै लाग्यौ एकोहोरो बोलाइरहे
लोलाएका आँखाहरूले परसम्म पच्छ्याइरह्यो
तिम्रो मनको कठोर भाव केस्रा केस्रा केलाइरहे ।

भन्ने गर्थ्यौं सबथोक एउटा चाह लुकायौ नि
अनायास अबोध यो मेरो मन दुखायौ नि
कसरी पो बदलियौ कुन पापीले आँखा लायो
सुख सयल अन्तै पाउन चोखो माया टुटायौ नि ।

तिमी आउने बाटो कुरि दोबाटोमा पर्खिरहे
सुगन्धले लोभ्याउन अत्तरपनि छर्किरहे
फूल बिच्छ्याई सजाएथाँ तिमी आउने बाटो भरी
हात हल्लाई बाटो लाग्यौ आँसु झारी फर्किरहें ।

२०७३।१२।२८ सोमबार

म त

झुठोमाया लाको होइन चोखोमाया गर्छु म त
छोड्ने कुरा नगर न तिमी नपाए मर्छु म त
बसेकी छौ मुटु भित्र एक धड्कन तिमी नै हौ
हुन्न भने सपनीमा तिम्रोमाया चोर्छु म त ।

सम्झिएर हरपल तिम्रै तस्बिर कोर्छु म त
चड्किन्छ यो सानो मगज अनि टाउको फोर्छु म त
पागल नै पो हुन्छु कि त नपाउँदा तिमीलाई
तिमी पाउन भगवानसङ्ग दुई हात जोर्छु म त ।

रत्तिभर चयन छैन तिमी बिना मर्छु म त
नपाएमा मेरी माया जीवनदेखि हार्छु म त
एकोहोरो माया होइन सकारात्मक होऊ प्रिय
आधा छाक खोले खाई जङ्गारपनि तार्छु म त ।

छुटयाईदियो समाजले सोच्या छैन हार्छु म त
हुन्न भन्ने उत्तर आए आफैंलाई मार्छु म त
जीवनका पथहरू तिम्रै लागि सङ्गाल्छु म
एउटा जुवा खाली छ है तिमीलाई नै नार्छु म त ।

२०७३।१२।२७ आइतबार

पाप कर्म

कात्रो भित्र गोजि हुँदैन
मृत्यु रोजि रोजि हुँदैन
केलाई घमण्ड गर्नु छ यहाँ
मरेपछि कसैको खोजी हुँदैन ।

मुर्दालाई माया गर्छन् नठान
बाँच्दा सबै आफै तिर नतान
हिसाब राख्न सिपालु छन् चित्रगुप्त
लालसी हुन कहिलेपनि नजान ।

काल कस्तो छ रुप हुँदैन
बोलेपछि उ चुप हुँदैन
जीवन लामो जिउन यहाँ
बाल्ने कुनै धुप हुँदैन ।

के थाहा बैकुण्ठ कसलाई मिल्छ
यो काल अचम्मको जतिखेरै निल्छ
पाप होइन पुण्य कमाउँ हजुर
यमराजले नर्कमा छालामात्रै छिल्छ ।

२०७३।१२।१३ आइतबार

नसम्झ भो

नसम्झ भो मलाई अब
फेरिपनि मर्छु होला
जिन्न छोडिसके मैले
फेरिपनि हार्छु होला ।

कुरि बसें आश गरि
एक फेर हेर्ने चाह
अजम्बरी चट्टान रहेछौ
म बबुरोलाई के थाहा।

छोडिदेऊ यस्तै हाल
नबोल्दानै बेस होला
पात झरे रुखको हाँगो
भाँचिएकै बेस होला ।

कति बसे मनमारी
एकै पलमा बिर्सिदियौ
आधा जोवन त्यसै बित्यो
अचेतमै छोडिदियौ

के बोलुँ खै शब्दपनि
लट्पटिन्छ जिब्रोपनि
कुरिबसें अन्त्यसम्म
कहालिंदै दिन गनि !

सक्छौ भने नआऊ अब
म त यसै कुर्छु अब
अन्तिम पल्ट सम्झिँदैछु
तिम्रै नाम लिइ घुर्छु अब ।
२०७३।१२।०४ शुक्रबार

जीवन र समय

घडीको समय जस्तै जीवन घुमिरहेछ
फरक एउटै छ समय कहिल्यै थाक्दैन
जीवन पाईलै पिच्छे,रोकिदै अघि बढिरहेछ
थाहा छैन कुन घुम्तिमा कतिबेला पुगेर सदाको लागि
टक्क अडिन्छ !!किनकि लोभले पछ्याईरहेछ !
नेपथ्यबाट कसैले गिज्याईरहेछ !!

२०७३।११।२७ शुक्रबार

प्रिय

आँसु झार्यौं प्रिय तिमीले
मन रोयो मेरोपनि
मन त्यसै आत्तेको छ
बसेको छु दिन गनी

सिरानीलाई भिजाएर
सुक्क सुक्क नरोऊ प्रिय
मपनि त खुशी छैन
धेरै दुःखी नहोऊ प्रिय

एक दिन पक्कैपनि
हुन्छ होला भेट हाम्रो
म त अझै जीवितै छु
धेरै हरेश नखाउ प्रिय

कता कता डर लाग्छ
दैवले नि छुट्याउछन् कि
अर्को जुनी नभन न
यो जुनीमै आउछु प्रिय

चोखोमाया लाएकि छ्यौ
त्यसै खेर जान दिन्न
मपनि त तिमीसँग
मरिहत्ते हुन्छु प्रिय ।

के के भने दुनियाँले
तिमीले नि सहेकिछ्यौ
चोखो हाम्रो माया प्रीति
त्यसै मर्न दिन्न प्रिय ।

एक रथको दुई पाङ्ग्रा
एक म हुँ तिमी अर्को
सङ्ग सङ्गै जीवनरथ
हाँसी खुसी गुडाउँ प्रिय ।
हाँसी हाँसी गुडाउँ प्रिय ।

२०७३।११।२२ आइतबार

समय र म

समय अलि बदलियो
तिमी त उस्तै देख्छु
म त थोरै बदलिए
तिमी त उस्तै देख्छु ।

तिमी कहिले रिसायौ र?
हाँसेकोपनि देखेको छैन
ख्याल हो कि साच्चै सम्झुँ
एक शब्द अझै मेटिएको छैन ।

स्वार्थी छ भन्छन् दुनियाँ नै
दुनियाँको एक मपनि त हुँ नि
अठोट त जीवितै छ मर्या छैन
प्रगतीको उचाई छुने ।

धेरै ठूला महल बने
मनको महल होचै देख्छु
सम्झी केवल तिमीलाई नै
अलिकति मनको भाव लेख्छु ।

नलेऊ भन्छु चिन्ता कुनै
मर्दा सङ्गै लाने हो र?
मनको मैलो कहाँ फाल्ने
न त जान्छ कहिल्यै धोएर ।

समयले धकेल्दै छ
अघि ठूलो खाल्डो देख्छु
मपनि त एक्लै छु नि
तैपनि तिमी सङ्गै देख्छु ।

बाताबरण बदलियो
सोचपनि बदल्नु छ
मुसाफिर होइनौ हामी
राम्रै घर बसाउँनु छ
राम्रै घर बसाउँनु छ ।

२०७३।११।१८ बुधबार

बिष

देखाउन नसकेर कति पटक रिस पिएँ
असह्य भो जीवन अनि एक पटक विष पिएँ
फाल्न खोजे श्वासपनी छट्पटाएँ धेरै पटक
हारे मैले दुनियाँसँग खुशी खुशी बिष पिएँ ।

दुःख गरें बर्षौं बर्ष सोचें धेरै सुख दिएँ
फर्के घर हात शून्य फेरि दुःख साथ लिएँ
लाला बाला भोकै देखें रुन आयो आँसु झारे
पीडा सबै हुडुल्लिए असह्यै भो बिष पिएँ ।

न त कुनै पछुतो छ छोटो समय साथ दिएँ
खुशी हुनु अर्कैसँग न त मैले सुख दिएँ
एक उत्तर खोज्दैछु म समाज अब कता जान्छ
नमरोस् तिम्रो खुशी हाँसी हाँसी बिष पिएँ ।

देखाउन नसकेर कति पटक रिस पिएँ
हारें मैले तिमीसँग त्यसैले त बिष पिएँ
दुःख गरी कमाएका खुशी तिमीलाई नै दिएँ
हटायौ नि सदा सदा अनि मैले बिष पिएँ ।

२०७३।११।१६

मानिसको चोला

लासमाथि कात्रो थियो
कात्रोपनि मैलो थियो
मर्सिडिज कार खोइ तिम्रो
शव बाहनपनि त थोत्रो थियो ।

जिउँदो छँदा गोपिनी धेरै
मर्दा आँसु झार्ने खोइ
एउटीमात्र बेहोस छिन् रे
भन तिमी कस्तो पोइ ?

रोपनिमा घर तिम्रो
आफू जल्ने ठाउँ किन्छौ
जसलाई तिमीले दुःख दियौ
उपनि त रुँदै थियो

नसकिदै जल्न लास
तिम्रो सम्पतीको
मोलमोलाई हुँदै थियो ।

बैंक पिच्छे पैसा तिम्रो
लासमाथि सिक्का थियो
पापपनि कति गर्यौं
लास पोल्ने घाटेपनि
दिक्क थियो ।

पहुँच तिम्रो धेरैमाथि
यमराज चैं भेटेनौ कि
जिउँदोमा लीला गर्यौं
मृत्यु कहिले देखेनौ कि ।

बिदेशी बस्त्र खोइ
पिताम्बरले लाज छोप्यौ
जीवनमा पाप गर्यौं
अब कहिले नास होला
कात्रोले नि सराप्छ कि
फर्की आउला यो चोला?
२०७३।११।०६ शुक्रबार

होस गर !

स्मृतिको पानाभरी
एउटा तस्बिर कोर्दैछु
कति कस्छौ मनको थैली
आखिर त्योपनि चोर्दैछु ।

ढोका खोली आउन खोजें
मनको ढोकै बन्द गर्यौ
मनको चुकुल खोल प्रिय
आखिर त्योपनि त फोर्दैछु ।

रक्सीमात्र पिउने गर्छु
केवल तिम्रो लागि छोड्दैछु
तिम्रो मनको बगैंचाको
बिरुवाहरू गोड्दैछु
अब नरिसाउ है त
म त तिम्रो घरको
झ्यालको सिसा फोर्दैछु ।

धेरै पटक मन बाधें
बिर्सनलाई कोसिस गरें
धेरै फूलको बीचबाट
एउटा फूल रोज्दैछु
फरक आत्मा एक पारी
सँगै हुने सोच्दैछु

तिम्रो मनको ताला खोल्ने
चाबी बन्न खोज्दैछु ।

स्मृतिको पानाभरी
एउटा चित्र कोर्दैछु
मनको थैली कति कस्छौ
आखिर त्योपनि त चोर्दैछु
मनको चुकुल खोल्छौ कि त
त्योपनि त फोर्दैछु
त्योपनि त फोर्दैछु ।
२०७३।११।०५ बिहीबार

बैदेशिक रोजगार

तप्प आँसु झर्यो
मन अमिलो भो
सिमखेत बगाएको
सपना देखे
आङ्गै जिरिङ्ग भो ।

बिहे भ'को केही दिनमा
बिदेश प्यारो भो
पर्समा प्यारीको फोटो हेर्दा
मन अमिलो भो ।

तातो हावा भेडीगोठ सम्झें
मन गह्रुङ्गो भो
बा आमाको आँसु सम्झें
आँखा धमिलो भो ।

लैनो भैंसी मर्यो अरे
टाउको भारी भो
हल गोरु साहुले फुकायो रे
आँखा पिरो भो ।

गाउँ घर सबै सम्झें
मन गरुँङ्गो भो
मोह त्यागी स्वदेश फर्कें
मन हलुङ्गो भो । २०७३।१०।२७ बिहीबार

सिउँदो भित्रको नाता

भरिएको सिउँदो भित्र अडिएको एउटा नाता
भरिएको बाकस खोल्दा क्षणभरमा भत्किएछ
रातो रंगले सजिएको उज्यालो त्यो तिम्रो रुप
अलक्षिना शब्द सङ्गै क्षणभरमै खस्किएछ ।

अनकन्टार लामो यात्रा खसम सम्झी हिंड अब
पचाउँन गाह्रो हुन्छ चरित्रमा बात लाग्छ जब
एक्लो जीवन साथ छैन अझै कठिन यात्रा तिम्रो
खिसिटिउरी समाजको रित्तो सिउदो देक्छन् तब ।

तिम्रो प्राण जलिरहयो तिम्रो सिउँदो पखालियो
स्वर्ग गए तिम्रो आत्मा सँसार तिम्रो उजाडियो
माईतीले जिम्मा लाए घरपनि भत्किसक्यो
हिज़ो पाउने सम्मानबाट सुस्त सुस्त खसालियो ।

भरिएको सिउँदो भित्र अडिएको एउटा नाता
भरिएको बाकस खोल्दा क्षणभरमा भत्किएछ
रातो रङ्गमा सजिएको सयौं ती तिम्रा खुशी
अलक्षिना शब्द सङ्गै क्षणभरमै खस्किएछ ।
२०७३।१०।२५

त्यसैले त एक्लो छु

रक्सी पिउन उचित ठानिन
साथी भाइले भनेको मानिन
त्यसैले त एक्लो छु !
टपरे बाहुन भन्छन्
जनै फाल्न जानिन
त्यसैले त एक्लो छु !!

सनातन धर्म मेरो
अरु केही मान्दिन
त्यसैले त एक्लो छु ।
गीता,कुरान बाईबल पढें
सबैमा समान भेटे
हिंसा गर्नु हुन्न भन्छु
त्यसैले त एक्लो छु ।

श्रम गर्नु उचित ठान्छु
सम्मान गर्छु कामलाई
त्यसैले त एक्लो छु ।

राजनीति बुझ्न खोज्छु
गर्न कहिले जानिन
त्यसैले त एक्लो छु ।
२०७३।१०।२४ सोमबार

म सँग पो डरायौ कि

तिमी अचेल देखिन्नौ नि
कतै लगन जुरायौ कि
मीठो हाँसो मलाई दिई
अन्तै कतै हरायौ कि !

झ्यालपनि बन्द भयो
हेर्न छोडयौ धेरै भयो
तिमी जस्तैमान्छे हुँ म
मसँग पो डरायौ कि !!

लुकि लुकि आँखा तर्थ्यौं
बिलिन हुन्छु न त भन्यौ
बाचा तोडी चौतारीको
अर्कैलाई सिउँदो भरायौं कि !!!

करकापमा नमान्दा नि
हात तिम्रो थमायौ कि
खुशी भई आफैले नि
अर्कै बाटो समायौ कि !

कुरी बस्छु आउछौ भने
जोवन अन्तै खनायौ कि
समाजको रीत छोडी
न त कतै गनायौं कि !!

मन्या छैन आश अझै
बन्द झ्याल खोल्छौ कि त
मेरो झ्याल बन्द गरी
ढोका भित्रै हरायौ कि
तिमी जस्तै मान्छे हुँ म
मसँग पो डरायौ कि
मसँग पो डरायौ कि !!!
२०७३।१०।२० बिहीबार

त्यसैले त आफ्नै हौ

तिमी भन्दै थियौ,म भाग्दै थिएँ
तिमीले सेल्फिश भन्यौ
मैले अझै मागें
बन्द भए ढोकाहरू
धेरै पटक खोल्न भनें
न त ढोका खुल्यो, न त ढक्ढक्याउन छोडें।

तिमी टाढा भइरह्यौ मैले पछ्याइरहें
तिमी रिसाइरह्यौ मैले फकाइरहें ।

त्यसैले त फरक छ
तिमी र म बीचमा
म घुर्क्याउछु
तिमी फुलिदिन्छौ
वरिपरि छायाँ बनी
पीर भुलिदिन्छौ ।

पटक पटक रिसायौ
त्यसैले त आफ्नै हौ
करायौ,झगडा गर्यौ
टाढा हुन्छु भन्यौ
तर माया चाहिँ गरिरह्यौ
त्यसैले त आफ्नै हौ ।
२०७३।१०।१८

मनभरिका कुराहरू

मनभरिका कुराहरू अलिकती पोखुँ भन्दा
भरिएछ खाली ठाउँ मनका पीडा लेखुँ भन्दा
गुम्साएर भित्र भित्रै ज्वाला ठूलै दन्किन्छ कि
अन्तरमनमा घाउ लाग्यो मनलाई नै रोकुँ भन्दा ।

हिजो सम्म बेग्लै थियो अस्तित्वमै घात लाग्यो
अलिकति पिउँदापनि नराम्ररी मात लाग्यो
अल्झिएर एकै ठाउँ भविष्य कस्तो होला
नबुझ्दा चुरो कुरो अहिले शून्य हात लाग्यो ।

घरि घरि लेख्न खोज्छु शब्द कुनै भेटिँदैन
गढेको छ एउटा शब्द चाहेरपनि मेटिँदैन
सोच्नलाई सजिलो छ मुखलाई बोल्न गाह्रो
आँखाहरू टोलाएपनि खास बस्तु देखिँदैन ।

२०७३।०९।२७ बुधबार

देवताको खोजी

मान्छे भित्र देवता खोज्न सजिलो नै कहाँ छ
कठोरता त बाँचेकैछ राक्षेसीपन साँचेकै छ ।
मृत्यु पछि गुनगान गाउने शब्दपनि साँचेकै छ। ।

कमलो मन देखाँउदा आफै बेबकुफ भइएला
मायामोह छोडौं भने नर्क तिरै गइएला।
ढुङ्गा भित्र भगवान पाउँदा मान्छे भित्र देऊता खोइ ?
आत्मा अझै फोहोरनै छ सफा हुन्न हात धोइ । ।

अध्यात्मको बाटो हिंड्दा स्वर्ग कहाँ भेटिन्छ त?
धर्म कर्म गर्दा यहाँ पापीमात्रै देखिन्छ त
उदारता ले उजाडिंदा मान्छे चिन्न अप्ठेरो भो ।
मान्छे चिन्न नसक्दा झन् देऊता खोज्नै अप्ठेरो भो। ।

२०७३।०२।२० बिहीबार

तिम्रो साथ

चुली छुने हतारोमा मनले भन्छ आँट
जीवन सुन्दर होला कतै पाए तिम्रो साथ ।
दुई मुठी चार हुँदा भीरपनि सम्म जस्तो
निरासले पछ्याउँदा अमृतपनि विष जस्तो ।।

जुनकिरीको उज्यालोमा संसार देखे कोसिस गर्दा
कुवामानै बुरुक्क भो घमण्डको बुइ चढ्दा ।
आतिसबाजी हुँदा हुँदै केही चिज खसे जस्तो
मुर्दापनि रिसाउदो हो खरानीमा बिलिन हुँदा ।।

चिहानघाटको सन्नाटामा आवाज आई कराउँदा
आँसु किन झार्नु पर्यो एकान्तमा हराउँदा ।
जय जय कार सधैं तिम्रो समाजमा गुनगान
श्वास फेर्न गाह्रो हुने सपनी मै डराउँदा।।

भित्र भित्रै निस्सासिने उजाड र कोलाहल
तिम्रो आगमन कतै हुनेहो कि झलमल।
जीवनका बुट्टाहरू एकपछि अर्को गर्दै
पलाउदै छन् मुनाहरू नहुने भो अलमल ।।

प्रफुल्लित मनहरू एकैपटक रमाउँदा
बिलाउने हो कतै भनि समयसित डराउँदा।
उत्सवको केक काट्न मनहरू आतुर छन्
छरिदियौ खुसिहरू सन्नाटामा हराउँदा ।।

पलपलमा उन्नतिको बिज रोप्ने कोसिस गर्दा
निरास भो बाटोहरू क्षणभरमा मन मर्दा ।
खुशीका यी पथहरू तिमीले नै कोरिदियौ
कुण्ड कुण्ड प्रगतिमा एकलोटा थपिदियौ।।

२०७३।०२।२१ शुक्रबार

काठमाडौं सहर

कति धेरैमान्छे,कति धेरै घर
अचम्म को रहेछ यो काठमाडौं सहर !

बोल्न पैसा पर्ला जस्तो,सहयोग त अझै पर
आफ्नो बाहेक कसैको नहुने भो भर !!

जङ्गलमात्रै घरै घरको शौच गर्न पैसा लाग्ने
गाह्रो पो भो यो ठाँउमा लौन अब कता भाग्ने ।

ठूलो सपना सानो कमाई कामपनि कहाँ हुनु
रत्तीभर फुर्सद छैन लाज हुन्छ कस्लाई भनुँ । ।

सुकामाना घिउ खाको सुनाउँथे बूढाहरू
सुन्दापनि अचम्म छ थरर काप्छन् गोडाहरू ।

आधा शरीर खालिनै छ त्यहीपनि राम्रो हुने
सेन्ट ह्वास्स छरेको छ पानी छैन हात धुने ।

२०७३।०२।२३ आइतबार

सिंहदरबार

ठूलो शहर अनि ठूलामान्छे!
हिंड्दै जादा भेटिने हुन कि जस्तो लाग्यो !!
सहरको बीचमा एउटा ठूलो पर्खाल !
भित्र जाने रहर मेटिन्छ कि जस्तो लाग्यो !!

नेपालको भाग्य कोर्ने त्यो घर
खुल्दुलीपनि भयो अनि लाग्यो थोरै डर ।
घर भने सामान्यनै मान्छे मात्र फेरिँदाछन्
पहुच नभए कामै छैन असामान्य देखिँदाछन्। ।

सानो रहर दर्शन गर्ने अरु त केही होइन
बोली बिक्न साह्रै गाह्रो सुनुवाई नै भएन।
सबैलाई सँधै किन त्यहीं भित्र जानुपर्ने
झिनो काम गर्नपनि सय ठक्कर खानु पर्ने ?

२०७३।०२।२४ सोमबार

सचेतना

सनातन हौ भने ब्रम्हनाल चिनेकै छौ
सचेत तिमी छौ भने चितापनि देखेकै छौ ।
थोरैमानै खुसी मिल्छ धेरै पाउन गाह्रो
धनभित्र कोलाहल मन अझै साह्रो । ।

जन्मिदा त निर्वस्त्रमा मर्दा लान्छौ के नै
दुष्कर्मलाई थाती राख्यौ पोल्ला आत्मालेनै ।
गरिखान पुग्दापनि लोभ किन होला
सत्कर्मले सफा गर दुई दिनको चोला । ।

चितामाथि तिमी रुँदा साथ दिने को छ?
पापै पापले हेर्छन्मात्र सोच्छौ आफ्नो जो छ ।
सत्य,धर्म,प्रेम, शान्ति अहिंसा नै रोज
कर्म गर फल मिल्छ जो आफैंसँग खोज । ।

२०७३।०२।२६ बुधबार

खुशी

खुशी किन्न महङ्गो भो नपाईने भो सस्तो
किन्न खोजे लुक्यौ तिमी लाग्यो कस्तो कस्तो।
खुशी तिम्रो रुप खोई ऐना हेर्छु धेरै
झुक्याउछौ कि देखाउँछौ बरु देख्छु मेरै।।

खुशी तिमीलाई हेर्न खोज्दा घुम्टो भित्र लुक्यौ
खुशी छर्ने कोसिस गर्दा सर्वस्व नै लुट्यौ।
जोख्न खोज्नु भुल भयो खुशी भित्र तौल
राख्ने आँट गर्न गाह्रो कति होनि मोल ??

खुशी शब्द मीठो लाग्यो खानु किन पर्यो
गुदि खोज्दा बिर्सिएर अन्तै भागमा पर्यो।
खुशी तिमी आउछौभनि आँखा तेर्सेकैछन्
खुशी तिमी टाढा हुँदा आँसु बर्सेकैछन्।।

बिदा हुँदा हात हल्लाई खुशी साट्न खोज्दा
पीडा भयो खुशीहरू आफैं भित्र छोडदा।
बदनाम भै खुशी तिमी सन्निकट नआऊ
आफैं खुशी छर तिमी अन्त कतै नजाऊ।।

२०७३।०२।२८ शुक्रबार

तिम्रो भावना

शिरीषको फूल सुन्दर पूजा गर्न नमिल्दा नि
भिमसेनपाती गन्हाउछ तर किन पूजिन्छ नि
पारिजात मगमग परैबाट थाहा पाउन
कोमल छौ गुलाव तिमी सकिनौ त प्रिती लाउन??

चन्द्रमाको ज्योति भित्र सूर्यलाई भुल्दा
गुमाउनु पर्ने रैछ मूल्यवान होकि भन्दा
अलक्षिन दाग मेट्न ओखती त नपाईने
आफ्नो भनी खुशी हुन त्योपनि त नसकिने। ।

सुकरातले बिष पिउँदा खुशी भै हाँसे जस्तै
मयुरले प्वाँख फिजाई जङ्गलमा नाचे जस्तो
मुहारमा छाओस् खुशी हरपल तिमीभित्र
संकोच हुन्न बरु राख्छु सधैं मनभित्र

गल्ती थियो सपनालाई साचो ठान्ने कोसिस गर्नु
क्षितिजमा महलरुपी सन्सार खोज्ने कोसिस गर्नु
गुन गर्नु पर्दैन नि गुनि बन्ने चाहनालाई
मर्न दिन्न सम्मान छ तिम्रो त्यो भावनालाई। ।

२०७३।०२।३२ मंगलबार

कोसिस

ठूलोमान्छे हुने कतै चाहनालाई बोकि
पाइला अघि बढ्दै थियो अरु सबै रोकि।
जीउन लाई दुःख गर्दै अनेक बाटाहरू
हिंड्नै पर्ने सुख खोज्न अप्ठ्यारा यात्राहरू।।

सफलताको बिज यहाँ कस्ले छर्या छ र?
न आफ्नो नै ठेगान हुने न अरुको भर
आफ्नाले त खुट्टा तान्छन हुन्छन पर पर ।
अरु दुःखी हुन्छन् भन्नेमात्रु पर्ने डर।।

एकपछि अर्को गर्दै अघि बढ्दै जाँदा
निरास भो एकै पटक ठूलो हन्डर खाँदा
आफूलाई चिनाउने राम्रो काम गर्न
जुनी बित्यो नपुग्ने भो पापी पेट भर्न।।

बिझाउँछ कुनै बेला मन दुख्छ कति
अल्मलिन्छु उज्यालोमा निद छैन राती।
ठूलो हुने बुटि खोज्न धेरै कोसिस गरें
आफू सङ्गै बल्ल भेटें अनि जिल्ल परें
अनि जिल्ल परे।।

२०७३।०३।०३ शुक्रबार

तीतो सत्य

बोली मीठो हुने भए गुलियो सस्तो हुने थियो
गोली ढिलो जाने भए ढुङ्गा नै काफी थियो।
तीतोपनि राम्रै होला सत्यता देखियो भने
मीठोपनि धिक्कार होला यथार्थता मेटियो भने।।

जानु पर्ने एकै ठाँउ यहाँ पो छौ छरपस्ट
पृष्ठभूमि बिर्सिदैछौ मति हुँदा सबै नष्ट ।
चेतनालाई कुना फ्याँकी आफू बीचमा भयौं दुष्ट
होस गरौं उपरवाला कुनै दिन नहुन रुष्ट ।।

मेरोमात्रै होइन भनौं हामी हाम्रो कति राम्रो
खिस्स दात देखाउँदा मन भने किन चाम्रो।
लोभीपापी दुनियाँमा योपनि त मेरै हो नी
भन्न छोडौं आजैबाट खेर जान्न हाम्रो जुनी।।

गीता,कुरान,बाईबल लेख्ने तिनै ईश एक
आफू बाँच्न सजिलो छ दीन दुःखीपनि देख।
तिमी राम्रो उसले भनोस् जसले तिमीलाई ठीक देखोस्
गरीब ती आत्मा जस्ले तिम्रो असल ईतिहास लेखोस्।।

संगै आँसु झरोस् बरु एकल हाँसो आउनु भन्दा
सबै जीव सुखी देखौं आफूमात्र जिउनु भन्दा।
तेत्तीसकोटी देवताले रक्षा गरून् जुनीजुनी
माथिपनि दुःख होला बाटो रोजौ सबैलाई हुने।
२०७३।०३।०५ आइतबार

सकस

निरास यो अनुभुतिमा
खुशीका पल आउन लाग्दा
फेरि कतै अर्को बज्रपात
आउँछ जस्तो ।

मन भित्रका बेदनाहरू
सेलाएर मत्थर हुन्छन्
भन्ने झिनो आशमा
यात्रा अघि बढ्दै गर्दा
डरलाग्दो बस्तु देखि
श्वास रोकिए जस्तै
फेरि शब्द सकिने हुन कि !

मौन बस्न कुतकुती हुँदा
बोली भने रुद्र घण्टीमा
रोकिने पो हो कि!

प्रगति होला भन्ने
झिनो आसमा
यो बिरानो ठाउँमा
भौतारिँदापनि
उही यादहरू

मानसपटलमा
घुमिरहन्छन्।

नत सम्झिन सजिलो भो !
न बिर्सन !
केवल ऐनामा तस्बिर बोल्छ
अनि निःशब्द

२०७३।०३।०८ बुधबार

बिमती

बोलु बोलु जस्तो भएपनि
एक्लै बोल्न ऐना पाइन !
अनि बर्बराउछु आफैं संग !!

मन त्यसै हुडलिन्छ अनि
अवाक ! ज्योति गुमेजस्तो
आँखापनि बिझाउँछ !
तर उही दृश्य क्षण भर
सम्हालिन्छ मन ।

दुईवटा मन आपसमा
जुवारी खेल्दा !
उही मुहार ओइरिन्छ
अनि बर्सिन्छ खहरे
सोच्छु सबै भयो सहमति !
निरास मन जीवितै रहेछ !
राख्छ पटक पटक बिमती !
र.......??
२०७३।०३।१२ आइतबार

कौतुहल

हुन्छु जब एकसुर लौरोपनि साथ छोड्छ
बिरक्तिन्छ मन अनि दुई शब्द कोर्न मन लाग्छ !
पन्छाउँदै तिनै क्षण शब्द खोज्दै रित्तो पाना
भर्न लाग्छु अनि छोटो भाव कोर्न मन लाग्छ !
तिमी नरिसाउने भए प्रिय तिम्रो घरको
झ्यालको सिसा फोर्न मन लाग्छ ।

घर भित्र कोठापनि चिटिक्कको !
कति राम्रा तस्बिर हेर्न मन लाग्छ
नत बोल्न सक्छु , न कुनै ईसारा
सुन्दर ती तस्बिरहरू चोर्न मन लाग्छ ।
तिमी नरिसाउने प्रिय तिम्रो घरको
झ्यालको सिसा फोर्न मन लाग्छ ।

नत मैले भन्न सकें, न तिमी नै अघि बढ्यौ !
तिमीलाई केहीकुरा भन्न मन लाग्छ ।

खुसी तिमी छौ कि बोल मन मेरो राजिनै छ ।
दुई आत्मा एक हुने साईनो कतै जोर्न मन लाग्छ ।
तिमी नरिसाउने भए प्रिय तिम्रो घरको
झ्यालको सिसा फोर्न मन लाग्छ ।

नेपथ्यको आवाजपनि

कतै तिम्रो हो कि जस्तो ?
परै छौ कि निकटमा
मुहार तिम्रो हेर्न मन लाग्छ ।
ऐना भित्र तिमी देखे
तस्बिर तिम्रो कोर्न मन लाग्छ ।
तिमी नरिसाउने भए प्रिय तिम्रो घरको
झ्यालको सिसा फोर्न मन लाग्छ ।

२०७३।०३।१३ मंगलबार

सम्बन्ध

नझुकेरै कुरीतिको दाहसंस्कार गर
बरु देऊ तिमी बलिदानी ।
कफन बाँध समानताको अनि बोल
रगतमा कुनै जात हुन्न भनेर ।

सचेत तिमी जन्मजात प्राणी
उन्नत बिचार कता छोडयौ ?
भ्रम पाली सानो ठूलो
मल जल गरि गोडयौ ।

कतै तिम्रो सम्बन्धमा उही जात जोडिएला
ठूलो भुल होला अनि पाइला अन्तै मोडिएला ।
मन भरि दुःख बोकि मीठो हाँसो नदेखाऊ
सम्बन्ध त त्यो हो जो स्वीकार्य होस् नडराऊ ।

२०७३।०२।२१ शुक्रबार

बाटुली

उ बाटुली
चिटिक्कि अनि अबोध मुहार !
कति खुसी कति उल्लास त्यो घर
सबै फुरुङ्ग ! सात पुस्तापछि कि छोरी
खुशी त त्यो पो हो सबै कि एक्ली छोरी
अनि ....!
समय अघि बढ्यो, उ ठूली भई !
गाउँकि बाटुली सोझोपना !
सबैकी बाटुली उस्को के दोष !
खुशी सङ्गै ....
मुटु हल्लियो ! सबै सखाप !
गाउँ नै उजाड ! पापी भुइँचालो
कयौं मरे लास बोक्ने कोही भएनन् ।
तर ....
सबै जाँदा उ बाँचि ! उसलाई लाग्यो
म किन जिउँदै ?
निष्ठुरी भगवान ! उसलाई के थाहा पीडा
अझै बाँकी छ भनेर !
यत्तिकैमा ....
अब जसरी नी जिउनै पर्ने !
उसै त राम्री ! रिकुटेहरू सल्बलाए
अनाथ बाटुलीले सहारा खोजी
उमेरको दोष अनि सहारा विहीन क्षण !
साथ खोज्दा ....

एउटा रिकुटेले बिहे गर्यो ।
सुख दुःख जीवन चल्दै थियो !
लोग्ने हो तन मन सबै सुम्पी
गहिरोमाया अनि उसको खुशी
फेरि बज्रपात !
घुमाउने निहुमा कोठीमा बेच्यो
रोई कराई कस्ले सुन्ने कठै !
न परिवार, न लोग्ने । त्योपनि पापी
अनि त्यो खुशी आज के भयो ?
उ बाटुली ...! यस्तै छ यहाँ
हाम्रा बाटुली धेरै चेलीहरूको पीडा ...
...उ बाटुली ...बिक्षिप्त बाटुली ।

२०७३।०३।२० सोमबार

कर्म

सफलताको तक्मा बिर्से भारी झनै गह्रुङ्गो भो
प्रगतिको बाटो टुँगियो यात्रा अझै कठिन भो ।
गजबको चाहनालाई थाती राख्न को सक्छ र ?
अजीवको भुँडीपनि खाली त्यसै के मान्छ र!

टुप्पि कसि सिलिङ्गमा पढ्दा आँखा गडेका थे
नतिजाले फुरुङ हुँदा पाइला अघि सरेका थे ।
दुई बिसामा उमेर पुग्यो अझैपनि बा कै भर
सुको दाम कमाई छैन जीवन त्यसै जाने डर ।

दाह्री जुङ्गा बाक्ली सके गनगन घरमा अब
बिहे गर्न ढिलो भयो सोध्छन् कोही भए भन ।
लाग्योमार्न बुर्कुसी भाग मनलेपनि भन्यो ।
खल्ती भित्र एउटा गैंडा दस पल्ट त्यसै गन्यो ।

सानो तिनो जागिर खोज्दा पत्याएनन दिनेले नि
गाउँ जाउ खिसी गर्छन हेंला गर्लान गाउँले नि ।
दोधारमा दिन बिते बिहे गरुँ सुको छैन
कर्म गरुँ काम छैन खल्तिमा नि दाम छैन ।

उमेर त्यसै जाने भयो सेता दाह्री देखिदाछन्
दिक्कमान्या छैन अझै पीर लाग्छ सम्झिदा झन् ।
फल खोज्छु कर्म छैन अघि बढ्छु बाटो छैन
सफलताको फल खोज्न बीउ अझै छर्या छैन ।
२०७३।०३।२१ मंगलबार

घुमिफिरी रुम्जाटार

देशलाई स्थिरताको तनाव
नेतालाई पद र पैसाको तनाव
जड्याहालाई जाँड खान नपाउँदाको तनाव
बेरोजगारलाई जागिर नपाउंदाको तनाव
यो तनावपनि मानिसको स्तर अनुसारको हुने रहेछ ।

पृथ्वी गोलो छ ! को कता ? को कता?
सबै आफ्ना आफ्नै दौडधूपमा !
मृत्युपछिपनि यस्तै हुने होला ?
स्वर्ग गए अप्सराहरूको तनाव होला !
नर्क गए यमराजले तातो तेलमा डुबाउलान् !
आखिर जता गएनि हुने नै रहेछ तनाव ।
भेटिनुमा अर्कै रौनक तर छुटिनुमा तनाव फेरि
यात्रा कठिन मोडमा हिंड्दा भई दिन्छ तनाव फेरि ।
त्यसैले ....
कोही सुखी छन् यहाँ,दुःखले नि साथ खोज्छ
घुमिफिरी रुम्जाटार झै समयले नि तनाव रोज्छ ।

२०७३।०३।२० बिहीबार

मूल्य

मुल्यहीन जीवनको अर्थहीन भाउ सोध्यौ
क्षणभरको सुख पाउन अन्तै तिर बाटो रोज्यौ ।
बदनामी सहनु त बानी लाग्न थालि सक्यो
निष्ठुरीको सम्झनामा आँसुले नि गाली सक्यो ।

गुलाबको फूललाई काँडाले नि साथ दिंदा
फक्रिनलाई बिर्सिदियो पापीनीको साथ लिंदा ।
अचम्मको माया तिम्रो भुल्नलाई नसक्दा झन्
अमिलो भो दिनहरू व्यर्थ रुन्छ मान्दैन मन ।

अंश खोज्यौ माया गर्दा कति मूल्य आफैं गर
सके दिउँला नसके त जीवनको छैन भर ।
मन भित्रको आलो घाउ कोट्याउने चेष्टा गरि
दियौ पीडा सहन्छु म बग्ला आँसु घरी घरी ।

पलपलमा आनन्दको अनुभूत मिलोस् तिमीलाई
अर्थ छैन गाली गर्ने सुख खोज्दै जानेलाई ।
दुई कौडीको मूल्य तोक्यौ कति सस्तो बनाईदियौ
बिउझिएँ झसँग भो बेबकुफ नै बनाईदियौ ।

२०७३।०४।०१ शनिबार

भाग्य

मुरी फूल्ने बिज छर्दा घुनमात्रै छर्न पुगे
उन्नतिको फल भित्र खोक्रो कोया टिप्न पुगे
लाग्छ यस्तो सुख सयल एकादेशको कथा जस्तो
अघि बढ्दा लौरो छुटयो चसक्क भो मन कस्तो ।

कर्णालीलाई दुःख मान्दा काठमाडौंको सुख खोजे
भाग्यमानी सम्झे आफैं सुस्त सुस्त दुःख रोजे
फुरुङ्ग भो मन जब गाउँ बिर्सी मनले भन्यो
पाइला पाइला अभावमा प्रगतिको दिन गन्यो ।

कति ठूलो भाग्य मेरो काठमाडौंमा बास पाउँदा
ममता कि आमा बिर्से अनाहकको सुख पाउँदा
तिमी भित्र सुन्दरताको रुप बिर्सी लत्याउँदा
जलन हुन्छ चिरिन्छ मन बिगतलाई कोट्याउँदा ।

दोष दिन्न भाग्यलाई चलन यस्तै चलेको छ
आर्यघाटमा स्वर्ग जान चितामा लास जलेकै छ
चिच्याउछ मन दुख्छ मुटुको जलन कति सहनु र
तप्प आँसु झर्छ अनि बिगत आउँछ एकफेर ।

बटारिन्छ पिँडुलाले कष्ट धेरै पाउँदामा
पापी पेट खाली नै छ काम कतै नपाउँदामा
कति बलियो भाग्य मेरो न त गाउँ न त सहर
अभावलाई कुना राखी सुख पाउने कत्रो रहर ।
२०७३।०४।०३

गुरु दक्षिणा

बाटो हिड्न देखाईदियौ जीवन भयो ज्योतिर्मय
कलम दियौ बन्दुक होइन किन भयो यस्को उदय
असल हुने मन्त्र तिम्रो दुबै कानले सुनेको थियो
फुर्र उड्यो एउटाबाट मन अन्तै डुलेको थियो ।

खराबीको बाटो छोड ठूलोमान्छे बन भन्यौ
कति ठूलो थाहा भएन उचाई भुल्न किन जान्यौ
रक्तपात त सिकाएनौ किन सिके चेलाहरूले
हजारौं मान्छे मरे उल्टो पाठको खेलाहरूले ।

संस्कार छोड कस्ले भन्यो गुरुले त भन्नु हुन्न
उदण्डता संस्कार होइन नपरोस् त्यो कानले सुन्न
दियौ शिक्षा सम्झिनु छ दक्षिणा त त्यही हो नी
आदर गर गुरुलाई सही बाटो त्यहीमानि।
२०७३।०४।०४ मंगलबार

अवरोध

उज्यालोको ज्योतिलाई रातको अवरोध
उन्नती र प्रगतिलाई समयको अवरोध
धनीलाई सुरक्षाको अवरोध
गरीबलाई जीवन जिउन नै अवरोध ।
सरकारलाई बिपक्षको अवरोध
देशलाई बिदेशीको अवरोध
अवरोध नहुने भए यहाँ
मेसिले नि गोल गर्थे होला !
सचिनलाई नी अझै सतक हान्नु थियो होला
त्यसैले त !
निकाश छैन यहाँ अनि त बिकासपनि छैन यहाँ
बाटोमा ट्राफिकको अवरोध, भट्टीमा रक्सिको अवरोध ।
बलियो नै छ हाम्रो भाग्य धन्न प्रकृतिले सबै दिएको छ
तर पनि
हामी हेपिएकै छौ, पेलिएकै छौ अनि न भिड्न सक्छौं
न केही बोल्न नै सक्छौ !
पाँच महिना त हामी सहेरै बस्यौ केही आश जागेको थियो
फेरि होला जस्तो छ ठूलो अवरोध अनि हाम्रो
स्वाभिमानमा आउदैन भन्न सकिन्न अवरोध ।

२०७३।०४।०५ मंगलबार

फेरि उही

उही उस्तै दिनहरू फन्को मारिरहन्छन्
दोहोरिन्छन् यादहरू आँखा रसाईरहन्छन्
पात्रमात्र बदलियो कथा उही उस्तैनै छ
घाउ फेरि बल्झिन्छ कि टाटोपनि आलोनै छ ।

अचेत भई पछारिँदा चोट कति सहनलाई
भक्कानिदै पीडा बोल्छ न त सक्ने बिर्सनलाई
धेरै ढिलो हुँदा जब फेरि उही यादहरू
मडारिन्छन् ताजा हुन्छन एकफेर पलहरू ।

घुम्टो भित्र तिम्रो खुसी आँसु सङ्गै बगाउँदामा
अवाक म आवाज बिहीन अतितमा हराउँदा
न त सके दिनलाई आशीर्वाद त्यस क्षण
अघि बढ्यो डोलिपनि सन्नाटाभो हर क्षण ।

यस्तै होला दैव तिम्रो लिला कति अपरम्पार
भिखमागे खुशी पाउन देखाईदियौ दुःखी संसार
बन्द भयो बाटोपनि उज्यालोले छोडे जस्तो
आजपनि फेरि उही निरासाले छाए जस्तो ।

जिउनुको रीति हो कि बाङ्गो टिङ्गो पथभित्र
अल्मलिदै आजसम्म हेर्ने गर्छु उही चित्र
ऐनाभित्र मुहार हेर्दा एउटा छाया ठाँउ छोड्छ
थाहा छैन को छ त्यहाँ धड्कनपनि चल्न छोड्छ ।
२०७३।०४।०९ आइतबार

खाँचो

अभावले निम्तो दियो खाँचो टार्ने उपाय छैन
बुद्धि भुटौं अस्थिर छ मुक्ती पाउने जुक्ती छैन
ठेट्नो भा छ मस्तिष्कपनि घरीघरी उफ्रिदिन्छ
समस्याको कुन्यु लाग्यो तनावपनि थुप्रिदिन्छ ।

रुमल्लिँदा टाउको कन्याई कुनै उपाय फुर्छ भन्ने
अलमल नगरी नै ठीक बेठीक दुबै ठान्ने
साँचो छुट्यो बन्द भयो उपाय र मौकाहरू
खाँचो भयो उन्नतिको बन्द भए ढोकाहरू ।

खिस्स हाँसो देखाउनु दैनिकी नै भएको छ
मुहारको चमक त्यसै फुस्स फुस्स उडेको छ
बोक्रोमात्र चम्काउने रहर कहाँ लाग्दोरहेछ
गुदि खोक्रो भएपछि उदासिनता जाग्दोरहेछ ।

भेटिन्छ कि सफलता त धेरै पर फलेको छ
अभावले मन यहाँ डंढेलो झैं बलेको छ
निभाउने पानीपनि समुन्द्रमा सीमित भयो
समासी मै निभ्ने हो कि आधा जीवन बिती गयो ।

सुदुरमा सङ्गीहरूले प्रगतीको चुली चढ्दा
केही गरौं यही माटो प्यारोलागि अघि बढ्दा
खाँचो भयो पैसा तिमी रहेछौ नि मूल्यवान
सम्झिरहन्छु पूजा गर्छु मान्छु सधैं भगवान ।
२०७३।०४।११ मंगलबार

खुशी

मोहितले बिचारमा आलिङ्न गरिंदिदा
अनुभूत हुनेगर्छ तिम्रो माया पाईरहँदा
जिउनुको अर्थ भित्र अलिकती पोख्रे गर्छौं
माया अझै पोख्रे गर घरीघरी रोक्ने गर्छौं ।

तिम्रो आगमनपछि जिउनुको मजा बेग्लै
छरिदियौ खुशीहरू बिर्सइदियौ दुःख बेग्लै
संसारको आनन्दता तिमी भित्रमात्र पाए
बेहोसीमै थियो जीवन बेसाहारा न त भए ।

यति धेरैमाया दियौ पीडा भुले अनि दुःख
उज्यालो भो जीवनपनि दियौ केवल सुखै सुख
धन्य भयो जीवनपनि बल्ल बल्ल खुशी पाए
तिम्रो आगमन हुँदा रोमान्टिक गीत गाए ।
२०७३।०४।१३ बिहीबार

उल्का

आयो, खस्यो चुस्स देखियो लाग्यो कस्तो बिचित्रको
उल्का भयो आज यस्तो लाग्यो दाग चरित्रको ।
अड्कल गरि कसै भित्र सुटुक्क बास बस्नलाई
पात्रमात्र भईयो केवल सजिलो भयो हाँस्नलाई ।

चन्द्रमाको अभिष्टता सूर्यलाई छेक्न खोज्नु
घमण्डता रति छैन निष्ठा सधैं एक रोज्नु
चुस्स खुशी फुस्स उड्यो न त राख्न सक्नु बसमा
धुवा सरि बिलिन हुँदा बार लाग्यो प्रगती र जोशमा ।

नाटकीय अन्त्यपनि संयोगान्त हुन्न रहेछ
बियोगान्त पलहरूले उन्नतिलाई छुन्न रहेछ
ढुक्ढुकीको चाल भित्र एउटा धुन बज्ने गर्दा
न कसैले बुझ्न सक्छ चाल अन्त्य भई मर्दा ।

बाँसुरीको धुन भित्र पीडादायी आवाजहरू
दुर गई बिलिन हुन्छन् बिर्सिदिन्छन् स्वरहरू
अबरुद्ध गलाभित्र गुज्मुजिन्छ बोलीपनि
अन्त्य हुन्छ दैनिकी अनि उल्का हुन्छ भोलिपनि ।

२०७३।०४।१६ आइतबार

महादेव

नीलकन्ठ,भोलेनाथ,महेश्वर नाम जप्दै
बोलबम यात्रा जाउँ नाचौ भक्तिमा रम्दै
जट्टाधारी रुपभित्र दयामाया कति तिम्रो
अन्धो भए मनुष्य जात खोली देऊ बिर्को हाम्रो ।

बमबम भोले कालकुट बिष पियौ
लोकलाई रक्षा गर्यौं हराईदियौ दुष्टलाई
तिनैलोक तिमीमात्रै भक्तिगान तिम्रोमात्रै
पूरा गर मानवको ईच्छाहरू राम्रोमात्रै ।

२०७३।०४।१७ सोमबार

संयोग

गुमनाम यी आवाजहरू एकान्तमा हराईरहे
अदृश्य ती छायापनि किन किन बिलाइरहे
स्मृतिको पानाबाट दुई शब्द मेटिदिन
अघि बढ्दा हातहरू कोही आयो छेकिदिन ।

समर्पित हुनलाई छेकिदियो समयले
गुमनाम बनाईदियो सामाजिक मान्यताले
बेथितीको मूल्यलाई कतिन्जेल सेवा गर्नु
दुनियाँको सिको भित्र अबस्य नै पर्छ मर्नु ।

घुमिफिरी रुम्जाटार जीवन त चक्र जस्तै
संयोग नै भन्नुपर्छ व्यथाहरू उही उस्तै
भेटिनुमा खुशी हुँदा छुट्टिनु को अर्थ कस्तो?
रनभुल्ल अध्यारोमा एउटा जीवन भुले जस्तो ।

बदलिनु सत्य होइन उस्तै यहाँ हुन पाईन्न
जाँतो भित्र पिसिनलाई जानी जानी घुन भईन्न
जीवन कस्तो बुझ्न गाह्रो सजिलो त के नै छ र ?
संयोगले जुराएमात्र हुने रहेछ पूर्ण भर ।

२०७३।०४।१८ मंगलबार

ईच्छाहरू

रत्तिभरको जिजीबिषा एकत्रित हुनलाई
मोह थियो कुनैबेला ठूलो उचाई छुनलाई
ईच्छाहरू मौलाउँदा हर्षित अनि कौतुहल
मुर्छित् भई ढल्न गयो अनि भयो अलमल ।

एकाग्रता भँग हुँदा अपाँगता अनुभूत
छुनु थियो उचाईलाई सोचहरू मुलभूत
फाटो आयो चुहिने गरि नदेखिने डोवहरू
गल्न थाले हातगोडा थपिदाछुन् रोगहरू ।

चलाएमान जाँगरपनि त्यसै त्यसै अल्छी गर्छ
ईच्छाहरू थुप्रीदिदा मस्तिष्क नै मर्नेगर्छ
पुगिसरी आउने भए सडक छाप किन हुनु
लम्किरहन्थे हातहरू न त पर्थ्यो एक्लो हुनु ।

पानी खाने मूल सुक्दा छट्पटिन्छ जीवन
भोको पेट श्रम गर्दा छट्पटिन्छ जीवन
एकछाक जाउलो भित्र अडेको यो श्वास
डर कति हुने कतै भईन्छ कि लास ।

२०७३।०४।२१ शुक्रबार

स्वभाव

सीमानाका काँडेतार कतिबिधी तिखारेका
छेउलाग्न मन गर्दा छाला खुम्चे निधारका
स्वभावले ठेलिदियो कति दुर पारीसम्म
चित्कार सुन्ने कानहरू फुल्न थाले भई डम्म ।

कति धेरै अर्थ लाग्ने एउटै शब्द खोज्दै यहाँ
भौतारिँदा हराए जस्तो रनभुल्ल भयो जहाँ
नाम भित्र अर्को नाम प्यारो लाग्न थालिसक्यो
दुःख भित्र रमाउँदा आधा शरीर गलिसक्यो ।

भित्र भित्रै एउटा शब्द पटकपटक दोहोरिन्छन्
मानसपटल सिथिल हुँदा यात्रा बिहीन भौतारिन्छन् ।
मान्छे भित्र असल स्वभाव महाभारत कथा जस्तो
परिवर्तन हुन गाह्रो घमण्डले थिचे जस्तो ।

उही पात्र उही चित्र स्वभावमात्रै फरक किन
फेरिँदाछन् भावहरू बदलिए दिनदिन
आवेगमा भूल गर्दा रङ्गिन ती क्षणहरू
खण्डहर उजाड भए जीवन बिहीन महलहरू ।

खुइलिएका सोच सबै बेकार हुने डर छैन
पलाउने भएपनि मौलाउन कर छैन
यस्तै यस्तै बिचारले स्वभावलाई खाईरहे
चुहिनेगरि फाट्यो जीवन तर पनि छाईरहें ।

बोल्न धेरै बिचारिनु पोल्न सक्ने ठाउँ कति
पूरा हुन्न सोचहरू कहिलेपनि मागे जति
जीवन जिउन सजिलो त पृथ्वीमा कहाँ हुने
घमण्डलाई पर राखी ईच्छा राख चुली छुने ।
२०७३।०४।२३ आइतबार

उपदेश

कोरिकन दुई शब्द मनका ओकलिन्छन् भावहरू
लाग्छ यस्तो धार लगाउँ सोचमा दुःख दिन्छन् घाउहरू
सजिलो छ दिन उपदेश अरुलाई बिर्सेर आफैलाई
धोका दिन्छ समयले किन यहाँ छोडिजान्छ श्वास लाई

विष फल्ने वृक्ष रोपिकन फल खोज्नु अमृतको
अल्छी गरि छुइन्न चुचुरो टुप्पो हुन्न समृद्धिको।
ठूलोमान्छे बन्ने सपना न त सक्ने देखलाई
असल भित्र च्यातियो चरित्र पर्दा लाग्यो छेक्नलाई ।

अर्तिभित्र हुन्न धन गाली सही उ भित्रको
उपनाम दियौ एउटा खिसी गर्यौं चरित्रको ।
दरिद्रता नदेखियोस् सोचमा समाजले गिज्याउँछ
उपदेश भरियोस् मनमा शब्द बाँणले होच्याउँछ ।

दिन बित्दा मदिरा रसमा बल्ने गर्थ्यो मस्तिष्क ज्योति
धकेलियो इज्जत समाजमा पर्नु रहेछ पछि कति ।
मातिनुको लतमा बिर्सी दुनियाँको छि छि उस्तै
लड्ने बानी बसिगयो तब साथी भए भुक्ने जस्तै ।

नमान्दा उपदेश उसको व्यर्थ भयो जीवन आज
नसोच्दा भविष्य कुनैदिन लाग्न थाल्यो बल्ल लाज ।
२०७३।०४।२४ सोमबार

सुन्दर

ठेला उठे पाइतालामा हात मैला श्रम गर्दा
शरीर ह्वास्स गन्हाउछ पानी पाउने आश गर्दा
दुई पत्र पाप्रा बस्यो चिलाउछ उसैगरी
बडि स्प्रे छ्यास्स छर्यो सुन्दर रुप देख्नेगरि ।

कति सुन्दर रुप भित्र अभावका भावहरू
अस्ताउँछन् सूर्य सङ्गै खोक्रा हुन्छन सोचहरू
अस्तु सङ्गै सेलाएका सुन्दर ती सपनामा
दोश्रो पुस्ता देखे गर्छ झस्किन्छ बिपनामा ।

सुन्दरताले देखा भन्छ भित्री मैलो लुकाईकन
फोहोरको थुप्रो छोपी खोक्रो हाँसो देखाईकन
परिभाषा हुन्न रहेछ सुन्दर भित्र कुरुपता
देखाउने सकस भयो फोस्रो रुपको दरिद्रता ।

पखालेर जाने भए सुन्दर यो सहरमा
मास्क किन किन्नु पर्थ्यो फजुल त्यसै रहरमा ।
सुन्दरताको सुन्दर रुप कस्तो हुन्छ जान्नलाई
ज्ञान लिन नपर्ने भो अज्ञानतालाई मान्नलाई ।

सुन्दर रुप कहाँ हुन्छ बाहिरको चरित्रमा
बिचार भने कुरुप छन् पाउडर छर्नु मुहारमा
देखाउदै राम्रो मान्ने समाजको कुरुपता
कति समय लाग्ने होला फेर्न यो कुरुपता ।

२०७३।०४।२५ मंगलबार

दुःखी आत्मा

अनकन्टार ठाँउ भित्र एउटा आवाज कराइरहेछ
दुःखी आत्मा शान्ति खोज्दै चिहानमा हराइरहेछ
अस्तु सङ्गै सेलाएका सपनाका महलहरू
उपहार लिउँ भन्छ उही दुःखी आत्माहरू ।

वचन बाण चस्स पस्यो एकनास टोलाइरहें
कालो दृश्य पछ्याई रहयो इशाराले बोलाइरहें
क्षणभरमा खरानी भो भस्म भए आत्माहरू
दुःखी आत्मा नमान्नाले खेर गए बाचाहरू।

अल्मलिंदा पाइलाहरू नयनले धोकादियो
टोलाउँदा मस्तिष्कले अघि बढ्न रोकिदियो
भक्कानिन्छ मन कति गला अवरुद्ध हुन्छ
न सकिने हल्ला गर्न दुःखी आत्मा कति रुन्छ ।

चितामाथि एउटा आवाज माफ माग्दै चिच्याउँछ
आगो बल्छ जलाइदिन्छ एकैपलमा रित्याउँछ
खुशी हुन्छ एउटा मन बिर्सिदिन्छ आफ्नो पालो
खुशी पार्छ दुःखी आत्मा फैलाउछ फोहोरी जालो ।

हुनु छैन सम्मानित आत्मा शुद्धि भए खुशी
लिनु छैन जस राम्रो हुनु पर्दा मन दुःखी
जय जयकार मिलोस् सधैं राम्रो मानुन् दुनियाँले
दुःखी आत्मा लुकाउँछु मनाउला रुनथाले ।

२०७३।०४।२८ शुक्रबार

अन्त्य

लामो आयु बाँचनलाई हास्नु भन्छन् रमाई
हाँस्नपनि हुनै पर्ने दाम अनि कमाई
अन्त्य कहाँ कतिबेला कसलाई थाहा छ र
अमृत सम्झी बिष पाए पुग्ने थियो रहर ।

रमाईलो नहोस् भन्ने सोच कस्को होला
बादल लाग्यो उमंगमा हुन थाल्यो हेला
अनुभूति यस्तो हुन्छ जीवन यत्ति नै हो
कस्तो थियो कुनैबेला सबै बेकार भै गो ।

एकादेशको खुशी भन्दा सुखद अन्त्य राम्रो
बेकार को हाँसो भन्दा स्वर्ग झर्ने राम्रो
बोली छुचो बनाईकन अपजस कति
अपहेलित सबैसँग तीखा वचन कति ।

भावनामा चोट लाग्दा आँसु झर्ने रहेछ
सबैतिर हन्डर खाँदा अन्त्य खोज्ने रहेछ
चुप बस्दा मनभित्र आगो बाल्नु भन्दा
अन्त्य प्यारो अनकन्टार दिन गन्नु भन्दा ।

अन्त्य खोज्दै लामो बाटो न टुंगिन सक्छ
एक्लै जन्म मृत्यु एक्लै साथ कस्ले दिन्छ
अग्नि साक्षी तमासानै लोक रमिते हुन्
सन्सारको मायाजाल सबै बेकार हुन् ।
२०७३।०४।२९ शनिबार

सपना

हौसिएर बनाएका गगनचुम्बी महलहरू
एकै झट्का सहनलाई नसकेका सोचहरू
कोसिस गरे राम्रो हुन कति पटक नजरमा
तीतो भयो आज फेरि जीवनको जँघारमा ।

उक्साहट कतिबेला थाहा पाउन गाह्रो भयो
थचारिँदा एकै पटक सहनलाई गाह्रो भयो
आउने गर्छन् दोहोरिदै उस्तै खाले छायाँहरू
सम्झाउछन् अतितका नबिर्सनेमायाहरू ।

दोष लाग्यो हृदय भित्र न देखिन्छन् दागहरू
पूरा गर्न असफल आशातीत मागहरू
किन भन्नु बनाउँछु सपनाका बाटाहरू
निको भएन दाग बस्यो अतितको टाटाहरू ।

नदेखेको राम्रो रहेछ नपुग्ने सपनाहरू
नबनाएको ठीक रहेछ भत्किने ती महलहरू
न त कहिले पुरा हुने बेकारका सपनाहरू
साथ प्यारो ठीकै हुन्छ दुखीलाई दुःखहरू ।

२०७३।०४।३१ सोमबार

भोगाई

कुनै दिन कुवाटोमा हिंडिएछ कति कति
जीवनका भोगाइहरू दुःखित भए कति कति
स्वार्थी यो दुनियाँमा सबै आफ्नो दुनोमात्रै
सोझ्याउछन् आफैं तिर कुम्ल्याउछन आफूमात्रै ।

बाध्यताले कति कुरा मन भित्र दमन भयो
अहँकार खेर जादा भाग्यपनि दोमन भयो
बलजफ्ती स्वीकारेका समाजका ढोंगहरू
बिस्फोट नभई जलिरहे खेर गए जोवनहरू ।

सन्निकट आएजस्तो स्वर्ग जस्तो दिनचर्या
अनुभूति हुन्न रहेछ सोचाई जस्तो दिनचर्या
आलिङ्गन नभएनि परैबाट सुखसयल
थुपरिए अभावसँगै पत्रै पत्र दुःखी मयल ।

जन्म सङ्गै कोरिएका निधारका धर्साहरू
जवानीमा भेल बग्छ पसिनाका बर्षाहरू
अचम्म यो भोगाई र हत्केलाका रेखाहरू
मेटिन्छन कि आज भोलि भाग्यको यो लेखाहरू ।

पाइला पिच्छे तीखा घोचा प्वाल पार्न तेर्सिदिन्छन्
थकित यी आँखाबाट दुःखी आँसु बर्सिदिन्छन्
सोच्ने गर्छु यो जुनीमा यस्तै कर्म लेख्या रहेछ
झ्वास ब्युँझी आँखा खोल्दा सिरानी सबै भिज्या रहेछ ।
२०७३।०४।३२ मंगलबार

कथा

कथा जस्तो जीवन हो कि जीवन नै कथा हो
कथा एउटा दोहोरिरहयो चरित्र उस्तै भो
व्यथा भित्र कथा कति लुकामारी गरिरहन्छन्
एउटा पात्र रुन थाल्छ अरु हाँसिरहन्छन् ।

रगत भित्र जात खोज्ने समाज जीवितै छ
पैसा भित्र जात हुन्न सर्वविदितै छ
जाती भित्र कथा खोज्दा खलपात्र भइयो
जाती सबै समान भन्दा कुपात्र भइयो ।

कथा यस्तै कथिन्छ कति व्यथा जिउँदै हुँदा
सम्झिन्छ यस्तै कथाहरू भित्री मन रुँदा
बिडम्बना भन्न खोज्छु रीति भित्रका थितिहरू
समाजले पाखा लायो बहिरहे मितिहरू ।

कुनै दिन आफ्नै कथा ओकलिंदा मनबाट
श्वासै फुस्की मुर्दा होला चित्कार आउला गलाबाट
कथा उस्तै निस्किदिन्छ पात्र जति रमाउछन्
जातै जातको कथा हो यो बिचार फेरि हराउछन् ।

बदलिनु आफैबाट दुनियाँ त कथा नै हो
बदल्नु छ आफैलाई कथा कति घृणित भो
सत्यतामा जात हुन्न रगत सबै रातो नै हो
भुटभुटिन्छु रिसाउँछु आखिर योपनि कथा नै हो ।

२०७३।०५।०५ आइतबार

अनुभव

हिडदाँ घस्री पाईतालामा कति ठेला उठेका छन् ।
बिहानीको मीठो निद्रा परिश्रमले थुतेका छन्
अर्कै देशको भलो भयो हातका ठेला बिदेशी हुन
पाखोबारी बाँझो भयो दाम ठूलो कमाउने धुन ।

बाकस धेरै बनेका छन् बाकस बन्छन हाम्रै लागि
खुशी बोकि बिदेशिनु फर्किनुछ बाकसमाथि
मातृभूमि नछोड भन्छ एउटा मन कुनैबेला
खेर जान्छ मिहिनेत बाध्य हुन्छु जुनबेला ।

अनुभव बिदेशको स्वदेश भित्रै पोख्न खोज्छु
तान्छन् खुट्टा आफन्तिनै बाध्य भई बिदेश रोज्छु
उमेर गयो बैंश गयो मरुभूमि प्यायो भयो
हल गोरु थलामा छन् खेत वारि बाँझो भयो ।

पढ्ने बेला साथीभाई कमाउन बिदेशिए
बदलियो सोच सबै सहरमा घर लिए
कल कारखाना बन्द भए स्वदेशमा काम छैन
राजनीतिले खायो देश बाकस भर्ने मन छैन

रित्तिदाछन् गाउँ बस्ती लास बोक्ने जवान छैनन
भरी बाकस आउछन् यहाँ आर्यघाट खाली छैन
सत्र हजार बलिदानी आयो यस्तै लोकतन्त्र
बोले जेल कोचिदिन्छन् हावी भयो ठोकतन्त्र ।

२०७३।०५।०६

असहज

जन्मसँगै असहजता मृत्यु कुर्नु जीवनभर
खाल्डा खुल्डी पाइला पिच्छे ठोक्कि कतै लड्ने डर
कुनै दिन वायुले नि आफ्नो कर्म बिर्सिदिए
एकै पलमा स्वाहा होला श्वास फेर्न छोडिदिए

अलिकति बाँकी थियो असल बन्ने मन्त्रहरू
असहज हुने भयो हुर्याउदा सूत्रहरू
तिमीले त भन्नु पर्थ्यो बाटो धेरै खाल्डो भाछ
खस्नु थियो एकै पल्ट सोच सबै उल्टो भाछ ।

मौनताले खाइरह्यो चल्न छोडयो धडकनपनि
असहजता भईरह्यो मृत्यु कुर्छ दिन गनि
थाती रहे ईच्छाहरू पाइला पिच्छे बिलाउँछन्
रुखो बोली हावी भयो आफन्ती नै पर हुन्छन् ।

धैर्य गर्न ढिला हुँदा मोडिएको जीवनकथा
मरुभूमि जस्तै रुखो थपिदोंछ उही व्यथा
हिजो जस्तो इतिहास भविष्यमा दोहोरिए
सहजताले बिटमार्ला मुटु चल्न छोडिदिए ।
२०७३।०५।०८ बुधबार

गन्तव्य

जानु पर्छ अवश्यनै गन्तव्य त एकै हो नि
थुप्रिदोंछ रिसराग यो चोला त बेकार भो नि

हावा चल्दा पातहरू नाचिदिन्छन् खुशी बोकि
रोक्न खोज्दा हातहरू लेखिदिन्छन् पीडा रोकि

चिन्न छोडे मानिसले मानिसका लेखाहरू
झुठो भयो बास्तविकता नाघ्न थाले रेखाहरू

अमर त कोही हुन्न सबै यमराजकै शिकार
पवित्र यी बस्तुहरू कुनै दिन होला बेकार

एउटा आत्मा खुशी पार्न बलि दिन्छन अर्कोलाई
रमाउछन् खुशी हुन्छन रुवाउछन् अर्कोलाई

जाने बाटो एक हो नि जुनी जुनी सम्मपनि
आत्मा सबै एकै हो नि रुन्छ अर्को जीवनपनि

२०७३।०५।०९ बिहीबार

फेसबुके औंशी

तोतेबोली सङ्गै बढे ईच्छाहरू दिनदिन
जवानीले छुटयाईदियो घर सँग किन किन
रोजिरोटी उमेरमा समयले धकेलिन
बाध्यता भो फेसबुकमा बा आमा सम्झिदिन ।

कोही छोरा बाध्यताले खाडी गए कमाउन
कोही छोरा सहर पसे खुशी खोज्दै रमाउन
पिँढीमाथि सुकुलमा लामो श्वास तानिकन
बाध्यतामै दिन बित्छ सन्तान सुखमानिकन ।

सन्सारका खुशीहरू तपाईका आशीवार्दले
पहिल्याई बाटोपनि देखाउदा ती हातले
एक थोपा खुशी थपी हँसाउने कोसिस गर्न
बिर्सिएछन् सन्तानले भुलिदिए सुख छर्न ।

हात पिच्छे मोबाइल बोकि फेसबुकमा सम्झिदिए
बूढो हड्डी खिइदानी फोन गर्न बिर्सिदिए
डुब्न् लाग्या घाम जस्तै बितिसके दिनहरू
सन्तान सबै खुशी रहुन् सम्झिरहुन् गुनहरू ।

२०७३।०५।१६ बिहीबार

कुरीति

नयाँ नयाँ सोचहरू हरेक दिन उम्रेको छ
संस्कार भित्र मान्यताले जरो धेरै गाडेको छ
कति सीमा थाहा छैन तेत्तीस कोटि देऊतामात्रै
मान्छे पिच्छे रीति फरक देखिंदो छ जात्रामात्रै ।

सती गए कति कति बोक्सी भनि हेपिदिन्छन्
एकल जीवन बिताउदा पाइला पाइला घोचिदिन्छन्
जोयाहरू कति कति तडपेकाछन् बिदेशमा
महिलाहरू कति कति जलेकाछन् स्वदेशमा ।

जन्म कतै खुशी छरी जवानीमा अर्कै साथ
वृद्ध आँखा टोलाउँछ सन्तानले छोडे हात
छिमेकीको बच्चो मर्छ लाग्यो लाल्छनाको रास
बोक्सी भनी जिउदै डाम्छन् बनाई जिउँदो लास ।
२०७३।०५।२२ बुधबार

नियात्रा

उकालीको तीखो ढुङ्गा नतिखारे पुग्छ
जीवनका तीखा ढुङ्गा नफुटाए दुख्छ
कति पल यस्ता हुन्छन बिर्सी भन्छ मनले
बिलासिता जीवन धान्न नपुग्ने भो धनले ।

दायाँ बायाँ ठूला पर्खाल अघि भड्खालो छ
गन्तव्य त दुर देख्छु जीवन अन्धकार छ
नटुङिगने यात्रा लामो यात्रु बनेको छु
हिंड्दा ठेला पाईतालाका धेरै गनेको छु ।

नेपथ्यको आवाजले गिज्याईरहयो मलाई
अदृश्य ती छायाँहरूले चिहाई रहयो मलाई
भौतिक शरीर बिलिन होला आत्मा तैरिदिन्छ
बेदना र चोटहरू झनै गहिरिदिन्छ ।

घस्री घस्री पाएको यो मन्द सफलतामा
ग्रहण लागि धब्बा भयो कार्य कुसलतामा
संघर्षलाई कर्म ठानी अघि बढि रहें
रुमल्लिएँ भुमरिमा यात्रा गरिरहें ।
२०७३।०५।२६ आइतबार

फेसबुक

बुक भन्दा सजिलो छ फेसबुकको पाना
एकहोरो पढिरह्यो सेलाउँछ खाना
दिन गयो रात बित्यो फेसबुकमा व्यस्त
तोते बोली बोल्ने बच्चा फेसबुकमा मस्त ।

साबुनले हात धुन सिकाउनु पर्छ
दिन रात फेसबुक चलाउने गर्छ
फोटो राख्यो सेल्फी खिची लाईक अनि कमेन्ट
चोर पस्यो घर भित्र कति व्यस्त् मोमेन्ट ।

हात हात मोबाईल कति म्यासेन्जरबाट
बिगारेर भाषा सबै अनलाइन र च्याट
सामाजिक सन्जाल हो कि फेसबुक फेसन
रोग लाग्यो फेसबुकको रुच्न छोडयो रासन ।

हात भन्दा ठूलो मोबाईल आईफोन अनि ट्याब्लेट
फुर्सद हुन्न फेसबुकले जानलाई ट्वाईलेट
नाम राख्यो नचिनिने साथी बन्छु भन्छ
साथी धेरै फेसबुकमा भेट्दा केको गन्छ ।

२०७३।०५।२९ बुधबार

लाइन अनि पालो

चौबीस घन्टा एकदिनमा काम कति धेरै
सोह्र घन्टा काममात्र आराम मिल्छ थोरै
दिन जान्छ थाहा नपाई सबै तिर पालो
चेक साट्न बैंकको लाइन दिक्क लाग्न थाल्यो ।

नेपालीको आधा जुनी पालो कुर्दै जान्छ
जता गयो लाइन धेरै समय यसैले खान्छ
बाध्यता नै लाइन बस्ने सेवा लिन गाह्रो
सबैतिर फैलिदोंछ दलालको जालो ।

सहर केन्द्रित कार्यालय मान्छेपनि कति
सेवा पाए भलो हुन्थ्यो कर तिरे जति
ठूलामान्छे ठूलै कुरा हराउँछ फाइल
सानामान्छे डरमान्छन हुन लाई गयल ।

दिन बित्यो रातपनि पालो कुरि कुरि
धन्यवाद यस्तो सेवा आशीर्वाद मुरि
दाह्री जुङ्गा फुल्छ कि त लाइन बस्ने बानी
चुप लाग्ने बानी भयो यस्तै भन्ने ठानी
२०७३।०५।३१ शुक्रबार

सम्झना

घरी घरी आँखाहरू दोबाटोमा टोलाइरहें
धेरै पर पुग्यौ तिमी ठूलो स्वरले बोलाइरहें
बिसौनीमा बातमारी कुँदिएको एउटा शब्द
ऐना जस्तै आयो अनि निकै बेर हेरिरहें ।

कोईलीको कुहु भित्र कतै तिमी बोल्दै छौ कि
छुट्टिदाको बेदनाले पीर लुकाई रुँदैछौ कि
चन्चले त्यो स्वभावलाई भित्र भित्रै रोजेको थें
डर लाग्छ कतै तिमी अर्कैसँग बाधिन्छौ कि ।

बाडुलीको हुकहुकी केही चिज सम्झाउन्
आइरह्यो दोहोरिदै त्यही मुहार सम्झाउन्
कोसिस रहयो धेरै पल्ट बिर्सु भनी त्यही पल
पुलकित हुन्छु अनि एक्लै एक्लै रमाउन ।
२०७३।०६।०७ शुक्रबार

पार्लर

तिमी उसै राम्री छौ नि छोडिदेऊ शृङ्गार पटार
किन घस्छौ किरिम पाउडर उज्यालै छ मुहार
अनुहारको सुन्दरता जन्म सङ्गै ल्याएकी छौ त
छोडिदेऊ पार्लर धाउन तिमी आफै सुन्दर छौ त ।

अनुहारको सुन्दरताले भडकाउछ अरुलाई
चाहिँदैन अरु केही सफा राख आत्मालाई
दुनियाँलाई देखाउँन यत्तिकै नै काफी छौ त
छोडिदेऊ पार्लर धाउन तिमी आफै सुन्दर छौ त ।

प्रकृतिले दिएको छ किन चाहियो छुट्टै रुप
कृत्रिमता राम्रो हुन्न बिग्रिएला तिम्रो स्वरुप
आहामात्र भन्ने हो दुनियाँले एकपल्ट
छोडिदेऊ पार्लर धाउन तिमी आफै सुन्दर छौ त
२०७३।०६।१७ सोमबार

यस्तै छ यहाँ

सबैलाई हतारो छ कर्म थलो काठमाडौंमा
कस्तो खाल्डो अचम्मको हराईन्छ काठमाडौंमा
व्यस्तताले फुर्सद हुन्न साथीभाई रिसाउँछन्
गर्नु कसलाई बिश्वास यहाँ आफैंलाई फसाउँछन् ।

ठूलालाई कानुन छैन टेर्दैनन् अदालतलाई
अदालत नि वाक्क भयो छुन गाह्रो पावरलाई
दुःख पाउँछन् सानाले डरपनि उनैलाई
उस्तै कानुन होइन र बराबर सबैलाई ?

कस्तो देश भनु भने प्रकृतिले सबै दियो
न त सदुपयोग हुन्छ अरु सङ्गै ऋण लियो
दोश्रो धनी जलस्रोतमा काकाकुल छ राजधानी
बेच्नमात्र बाँकी यो देश जनतालाई सोझा ठानी ।
२०७३।०६।२१ शुक्रबार

घुम्ती

छोटिदैंछ जीवन यात्रा
टाढा देख्छु अन्तिम बिन्दु
घुम्ती धेरै अल्मलिन्छु
सम्हालिएर कसरी पो हिंड्नु !

मोडैपिच्छे तीखा काँडा
घोचिदिन आतुर छन्
बाध्यताले डोरयाईदिन्छ
पीडा थपिन्छ अझै झन ।

बर्सेनिको घटदो उमेर
ईच्छा झनै थपिदो छ
घुम्ती छेउको चिप्लो बाटो
पाइला राखे चिप्लिदिन्छ ।

छोटो बाटो नसकिने
हिंड्नलाई कठिन देख्छु
लामो यात्रा कनिकुथी
बाधा रोक्दै पाइला टेक्छु ।

भोगाईका भूतकालले
बर्तमानलाई खान्छकि त
भविष्यको अनुमानपनि
आशै आशमा जान्छ कि त ।
२०७३।०७।०१सोमबार

पर्व अनि पैसा

बल्ल बल्ल गयो दशैं तिहार आँखा खोल्छु भन्छ
रित्तिएको सानो खल्ती खर्च अझै गर्छु भन्छ ।

झिलिमिली बत्ती बल्दा रमाईलो हुन्छ होला
रित्तिएको खल्ती छाम्दा मन उसै पोल्छ होला ।

देउसी भैलो आशिष् दिन्छन लक्ष्मीको बास होस
रित्तिएको भकारी नि बर्सैभरी भरिइरहोस्

अल्मलिन्छिन लक्ष्मीमाता ठूला घरमात्र छिरिन
रित्तिएको खल्ती होइन ठूला ठूला सेफ भरिन ।

यमपन्चक मनाउन ठूलै धनराशी चाहिने
खल्ती छामी पैसा खोज्यो एक पल्ट हरेस खाइने ।

मनाउँ तिहार खुशी साटि पैसा सँधै आउँछ जान्छ
जन्मिदा त रित्तै आउने मर्दा झनै कसले लान्छ ।
२०७३।०७।०५ शुक्रबार

एउटा सपना

झुठा हुन्छन् सपनाहरू बिपनामा ढाँटिदिन्छन्
बिपनाका दुःखी घटना जीवनभर साँचिदिन्छन्
एउटा सपना पूरा भए रङ्गिन होला भविष्य नै
बिलाउछ मीठो सपना बिहानीको आवाज सङ्गै ।

धेरै देखियो सपनाहरू न त कुनै पूरा भयो
दिनभरको व्यस्ततामा सपनानै भुलिगयो
पूरा भए एउटामात्रै धन्न होला जीवनपनि
कोबस्ला र नपुग्ने ती बेबारिसे सपना गनि ।

एउटा सपना अझैपनि आइदिन्छ हरपल
कहिले होला पूरा हुने मोड अझै अलमल
अल्मल्यायो सपनाले कति लाग्नु पछि पछि
पछि छोडयो अवसरले लाग्छ अझै छु अघि ।

नसकिने बिर्सनलाइ सपनाले पछ्याउँछ
न त पूरा हुन दिन्छ घरिघरी तर्साउँछ
एउटा सपना जीवनको कहिले पूरा होला भन्छु
पूरा हुने आशा बोकि महिना अनि दिन गन्छु ।

२०७३।०७।०७ आइतबार

मृत्यु शैया

मृत्यु शैया बन्दै होला नसोचिने जिउँदो हुँदा
मृत शरीर भन्दै होला आराम भयो अरु रुँदा
थाहा छैन बाटो कुन हो हिंड्ने कुनै तिथि छैन
जिउदो आत्मा मर्छ कहिले पात्रो भित्र मिति छैन ।

हाप्सिलोको रोदन जब प्यारो लाग्न थाले पछि
लोभ लालच लाग्दा लाग्दै मन सबै गले पछि
कतिन्जेलको हाँसो हास्नु चिता लुक्दै बोलाउँछ
बेकारको रुवाई सम्झी एउटा लास टोलाउँछ ।

यस्तै होला संसारको रीतिथितीमान्नै पर्ने
सत्य हुन्छ मृत्यु सँधै नबुझे नि जान्नै पर्ने
नजितिने दैवसँग मृत्यु खोज्नु गल्ती होला
स्वार्थी दुनियाँ भन्नलाई अझै ठूलो गल्ती होला ।

हराभरा प्रकृतिको सुन्दरताले बिर्सन्छ कि
मृत आत्मा ढोंगी रोदन सुन्दा कतै तर्सन्छ कि
मृत्यु शैया बन्दै होला नसोचिने जिउँदो हुँदा
सन्नाटाले भरिदियो एउटा मृत लास रुँदा ।

चित्रगुप्त राख्ने गर्छन् लेखाजोखामानिसको
दैवलेनै केलाउँछन पाप धर्ममानिसको
सत्कर्मको बाटो कुन हो हिड्ने कुनै थिती छैन
जिउदो आत्मा मर्छ कहिले पात्रो भित्र मिति छैन ।

२०७३।०७।१० बुधबार

रित्तो मन

रित्तिएको मगजले काम गर्न छोड्छ कि त
एकान्तमा कुनैदिन चुपचाप मर्छु कि त
रुँदा रुँदा सुकिसक्यो आँखाभित्र पानीपनि
सुध्रिएन अझै सम्म बदमासी यो बानीपनि ।

धिक्कारेर आफैलाई पुण्य मिल्ला कसोगरी
चस्स घोची दुखे गर्छ तीखा किल्ला उसैगरी
रित्तिएको मगजले काम गर्न छोडछ कि त
एकान्तमा कुनै दिन चुपचाप मर्छु कि त ।

नभनेर कसैलाई खुशी पाउन नसकिने
भित्री मैलो धोएरनि पखाल्नलाई नसकिने
बिहानीको शीतसँग मीत लगाई बसेको छु
ओठ सुकाई मीठो हाँसो देखाउँन बसेको छु ।

मेटिएका निधारका भाग्य कोर्ने रेखाहरू
नसकिने कोर्नलाई बाङ्गा टिङ्गा धर्साहरू
जन्मिएको छैठो दिनमा दैवलेनी बिर्सिएछन्
मुहार हेरि भाग्य लेख्न खै किन हो तर्सिएछन् ।

रित्तिएको मगजले काम गर्न छोडछ कि त
एकान्तमा कुनै दिन चुपचाप मर्छु कि त
रुँदा रुँदा सुकिसक्यो आँखा भित्र पानीपनि
सुध्रिएन अझै सम्म बदमासी यो बानीपनि ।
२०७३।०७।११ बिहीबार

तस्बिर

पीर अनि तिर बोकेको छु
मैले एउटा तस्बिर बोकेको छु
कहिल्यैपनि चुम्न नमिल्ने
काँडा झै एउटा जन्जिर बोकेको छु ।

मध्य दिनमा घामले पोल्छ
मध्य रातमा चिसोले डस्छ
खै किन हो सँधै बिर्सन खोज्दा
अदृश्य तस्बिर हृदयमा बस्छ ।

भन्न कहाँ सजिलो छ र
संगालेका कोसिसहरू
छरपस्ट भएर गाह्रो भयो
तिम्रो रुपको सितनसँग
एक चुस्की मदिरा प्यारो भयो ।
तर, अझै सम्हालिएको छु
ठूलै प्वाल छ रे मुटुमा
एकान्तको बास हुँदा
खै किन हो श्वास फेर्न गाह्रो भयो ।

२०७३।०७।१६ मंगलबार

नसोचेको दुनियाँ

बल्ल बल्ल बौरिएको लम्पसार जिउँदो शरीर
तुलसीको मोठ देख्दा तर्सिन थालेको छ
चितामाथि लास पोल्न पोखिएको नौनीपनि
जिउँदो मानिस देख्दा पग्लिन थालेको छ ।

अन्जानमा गरिएका अमुक गल्तिहरू
प्रायश्चित गर्दा गर्दै शरीर आधा गलेको छ
प्रगती पथमा डोर्‍याउन आफूलाई
भागवानको नाममा निर्दोष जीवको शिर ढलेको छ ।

२०७३।०७।२० शनिबार

के होला ?

पल पलको फर्काइको अर्थ के होला
छेउ आउँदा लजाएको अर्थ के होला
कुनै शब्द नबोल्दानै छटपटी यो कस्तो
साइनो लगाई बोलाउँदा झनै के होला ?

कुनै दिन हराएथ्यौ स्मृतिबाट तिमी
आज एउटा तस्बिर तिम्रो सजाए के होला
खैलाबैला मनभरी एकैपटक देख्दा
जोडी नाम जीवनको लेख्दा के होला ?

सुन्दर रुप सजिएको दोबाटोमा देख्दा
यात्रा सङ्गै गरुँ भनी बोलाउँदा के होला
नजिकैको गन्तव्यलाई धेरै टाढा सम्झी
एकैछिन सन्निकट हराउँदा के होला ।

पल पलको फर्काइको अर्थ के होला
छेउ आउँदा लजाएको अर्थ के होला
नबोलेरै जितेकिछौ अदृश्य यो मन
दुबै धडकन एउटै भए अझ के होला ?

२०७३।०७।२३ मंगलबार

रक्तदान

व्यस्तताले छोपिदिंदा सेवा गर्ने मौका मिल्यो
धर्म सम्झी रक्तदान गर्ने एउटा समय जुर्यो
धन्न भगवान् जुराइदियौ अवसर हो रक्तदान
खुशी लाग्यो बचेकोमा रगत पाई अर्को ज्यान ।

अन्जानमा गरिएका पाप फाल्ने ठाँउ छैन
नमरेर अमर हुने कुनै त्यस्तो गाउँ छैन
मनभित्रको दैवत्वले आज एउटा मौका दिए
एउटा रोगी बाँचेकोमा मैले ठूलै आनन्द लिए ।

२०७३/८/५ आइतबार

चुस्की

एक चुस्की लगाउँदैमा इज्जतमा दाग लाग्यो
छेउ आयौ तिमी अनि मदिराको नशा भाग्यो
साथ देऊ तिमीले नि म त एक चुस्की पिउँछु
छोडिदियौ एकैपलमा अब म त यसै जिउँछु ।

नपिउनलाई कोसिस गरे बिर्सु भन्छु निश्ठुरीलाई
मायागरी सजाएथें मनभरी तस्बिरलाई
के नै पाप गरें मैले केवल एक चुस्की पिएँ
नजानेरै सङ्गै जिउन मन मुटु सबै दिएँ ।

रक्सी होइन मदिरा हो नशा लाग्छ एकैछिनमा
तिम्रो याद आउँछ अनि पिउछु म त हरदिनमा
दुःख दिन्न तिमीलाई रमाउँछु सोमरसले
तिमीले त छोड्नु भन्यौ छुन छोडयो तिम्रो डरले ।

आखिरमा जीवनको एउटै लक्ष्य पिउनु भयो
पिउँदा पिउँदै थाहा नपाई आधा उमेर त्यसै गयो
चासो दिई नआउ म त यसै जिउँछु अब
कुनै पल याद आए तिमीलाई सम्झी पिउँछु अब ।
२०७३।०८।१८ शनिबार

बात लाग्यो

अस्तित्व नै मेटिने यो कस्तो खालको बात लाग्यो
जिउने कोसिस धेरै गरे तर शून्य हात लाग्यो
चिरिएको मनभरी नुन अनि चुक पोखियो
बिश्वासले ठाउँ छोड्दा अस्मितामा घात लाग्यो

बिश्वास गरि फलाएका जीवनका फलहरू
तुषारोले खाएपछी फेरि शून्य हातलाग्यो
जल सम्झी के पिएथें रक्सी रहेछमात लाग्यो
शिखरको प्रगतिमा उल्झन आई लात लाग्यो ।

न सम्झेर कसैलाई एक्लै हिड्ने बानी कस्तो
साथ खोज्दा दुःख बाड्न नराम्ररी बात लाग्यो
भोगाईका पानाहरू पल्टाएर हेरुँ भन्दा
लत्पतिए शब्दहरू अनि शून्य हात लाग्यो ।
२०७३।०८।२० सोमबार

जलेको खरानी

म जलेको खरानीले तिम्रो सिउँदो पखालिँदा
बेहोसीमै नाम लिई तिमी आफै सम्हालिँदा
शान्ति मिल्छ बैकुण्ठमा तिमी सम्झी रमाउँला
कतै तिम्रो याद आए एकान्तमा हराउँला ।

म मरेको दिन सम्झी तस्बिरको मालालाई
चुमिहेर म आउनेछु तिम्रो याद लानलाई
भक्कानिएर किन रुन्छौ दुनियाँको रीत सम्झ
जानै पर्छ एकदिन जिउँदाको प्रित सम्झ ।

म जलेको खरानीले तिम्रो सिउँदो पखालिँदा
हाँसो छुट्यो दुनियाँको एक्लै एक्लै बडारिँदा
हुनु थियो आखिरमा संसारको रीत यस्तै
पीडा हुन्छ मनभरी गुनगुनाउछु गीत यस्तै ।

२०७३।०८।२६ आइतबार

यस्तै छ दुनियाँ

म त भन्छु यसै खुशी हुन सिक तिमी
यहाँ कोही आफ्नो हुन्नन् सबै पराईनै
लास जल्दा त कहिले सकिन्छ भन्छन्
अब भन खुशी कोबाट पाउँछौ तिमी ।

नजानेरै लड्यौ भने एक्लै उठनु पर्छ तिमी
मन भित्रको घाउ कस्ले देख्छ र यहाँ
अझै अर्को घाउ थप्ने पो बढ्ने गर्छन्
त्यसैले आफै हिड्ने कोसिस गर तिमी ।

सुस्ताएर उदेक लाग्दो निरास किन हुन्छौ तिमी
न त जन्म हुँदा थियो मर्दा के नै लान्छौ तिमी
बिचारेर हिंड्ने गर ठेस लगाई लडाउछन् यहाँ
गन्तव्य त उही नै हो कस्को मन बुझाउँछौ तिमी ।

जस्तोमादल बजेपनि नाच्न जान्ने बन तिमी
उचालेर सुलिमाथि थ्याच्च राखी मिल्काउँछन्
अवसर आफैलाई पाइला पाइला बर्साउँछन
सके सँगै पाइला चाल नसके चुप बस तिमी ।
२०७३।०८।२७ सोमबार

आजबाट

अपाङ्ग र महिला सिट डस्टविनले पायो
मुखभरी पान चपाई थुक्ने ठाउँ आयो
आरक्षण सिट अब कथा जस्तै होला
यात्रा गर्दा नभुलौ है प्लास्टिकको झोला ।

हरा भरा हाम्रो शहर देख्न पाईने भो
सचेत होऔ जता ततै थुक्न नपाईने भो
सफा सहर हाम्रो रहर कतिन्जेललाई होला
बग्या पानी देखिने भो बिष्णुमति खोला ।

योजना त कति राम्रो बजेटपनि आउला
सफा शहर देख्दा झनै मनै रमाउला
कागजमै बजेट सकि सफा होला सहर
कस्लाई होला निस्सासिनेमास्क लाउने रहर

नाकै पोल्ने धुवाँ फाल्ने गाडी कति कति
सकिने भो डस्ट्विनमा भको बजेट जति
बस्नै गाह्रो थोत्रा गाडी हटाएपो राम्रो
सकिने भो तिर्या कर तपाईं अनि हाम्रो ।

२०७३/०९/०१ शुक्रबार

मनको वह

चोट सही बसेको छु ओत लाग्ने ठाउँ खोइ
एकान्तमै रात बित्छ साथ दिने साथी खोइ
नबोलेर चुपचाप कति समय बस्नु होला
यो जुनीमा खुशी बाड्ने एउटा आफ्नोमान्छे खोइ ।

चाहेको त कहाँ पाउनु खुशी गयो अर्कै सँग
यौवनका रङ्गहरू फिक्का भए दुःख सँग
अन्तरमनमा बसेको छ अमिट छाप एउटामात्र
न त भुल्छ यो मनले जुनी बित्ला अर्को सँग ।

फुरुङ्ग यो मनपनि कहिले होला यो जुनीमा
बाटो हेर्दै सोच्ने गर्छु कति पाप भो त्यो जुनीमा
खोज्या छैन कुनै फल फल्न नपाई निमोठियो
आस अझै मर्या छैन होला भेट अर्को जुनीमा ।
२०७३।०९।०३ आइतबार

अलमल

बिझाउने छेस्को पस्यो खस्खसाई छट्पटिन्छु
नमेटिने खत बस्यो ऐना हेरि पिरोल्लिन्छु
बिना कारण लाग्यो दोष मेटाउने कसोगरी
नदेखिने चोट बोकि उदेक लागि अल्मलिन्छु ।

कसोगरि पुग्ने होला गन्तव्यनै भुलिदिन्छु
बिर्साउन दुनियाँलाई सोमरसमा झुमिदिन्छु
एकफेर मीठो हाँसो नहासेरै बिलिन भयौ
बिर्सनलाई उनीलाई भट्टीमा नै भुलिदिन्छु ।

जीवनको जँघार तर्न लौरोपनि बिर्सिएछु
झुक्किएर ऐना हेर्दा आफै सँग तर्सिएछु
ब्युझाउछ झझल्कोले बिर्सु भन्दा उनीलाई
नाम लिई निष्ठुरीको सपनीमै गर्जिएछु ।

२०७३।०९।०४ सोमबार

जय शम्भु

जय शम्भु बिर्सिएर मेरी क्रिस्टमस भयौ
लोभ लालच कतिसम्म भौतिकवादी भयौ
बेचिदियौ आफ्नो धर्म डलर कति पायौ
जन्मदाको धर्म बेच्न कति कसम खायौ ।

मन जित्न दिन दुःखीको आइएनजीओ आयो
रकम बाँडी धर्म किन्न गाउँ गाउँ धायो
भजाएर गरीबीलाई खाने बाटो भयो
जय शम्भु बिर्सिएर मेरी क्रिस्टमस भयो ।

दुनियाँको ईश एकै हिड्ने बाटो फरक
जन्म मृत्यु संस्कारपनि मान्ने अलग अलग
अनुशासित भईमान आफ्नो आफ्नो धर्म
दैवले आफै लेख्छन् मानिसको कर्म ।

२०७३।०९।०७ बिहीबार

आँसु

मलाई राख्रे चितामाथि एक थोपा आँसु
सक्छौ भने तप्प झार्नु नसकेमा मनमार्नु ।

जाँदैछु म धेरै टाढा खुशी छोडी तिम्रो साथ
दुःखियाको को नै छ र समाउने दुःखी हात
उल्टो भयो देखेजती न त लेख्यो भावीलेनै
बन्द भयो ढोका सबै लायौ कस्तो चावीलेनै ।

मलाई राख्रे चितामाथि एक थोपा आँसु
सक्छौ भने तप्प झार्नु नसकेमा मनमार्नु ।

लिई सबै दोष जति लुकाउदै दुःखी नजर
दुर हुन्छु सँधैलाई बिर्सिदिऊ दुःखी नजर
दोष दिन्न कसैलाई भाग्य नै हो यति खोटो
नसम्झिनु कुनै दिन नझुन्ड्याउनु कुनै फोटो ।

मलाई राख्रे चितामाथि एक थोपा आँसु
सक्छौ भने तप्प झार्नु नलागेमा मनमार्नु ।
२०७३।०९।०८ शुक्रबार

मनका व्यथा

बुझ्नलाई कति गाह्रो जिन्दगीको कथा
सुनाउने कहाँ होला मन भित्रका व्यथा
साघुरो गल्ली भित्र सकिने भो जीवन
सुस्त सुस्त पाइला चालि सकिनेभो जीवन ।

आफ्नैले छुट्याईदिए असल अनि खराब
तर,पनि दुर राखे रक्सी अनि सराब
झुक्किएर कुनै दिन गलत बाटो लागें
नसकेर दोष सहनलाई धेरै पर भागें ।

भेट्टाएको प्रगतिको नाम निसान मेटियो
सफलताको मुनालाई घाँटी बाटै रेटियो
यतिन्जेलको सफलताले नपुग्ने नै भयो
बाँकी थियो एउटा ईच्छा कतै सति गयो ।

भाग्य लेख्ने छैठीले नि बिर्सिएछन् क्यारे
के थियो जित्नलाई जीवन बाटै हारें
एक मुठ्ठी श्वास साँची हिड्ने कति दिन
उधारोमै अल्झिराछु छैन केही लिन ।

२०७३।०९।१४ बिहीबार

मेरो देश

अनेक भाषा संस्कृतिले सजिएको मेरो देश
छैन कुनै भेदभाव अनेक जात अनेक भेष

जोडिएका मनहरू फुटाएर खेल्न खोज्दै
बिदेशीको इसारामा केही तत्व उफ्रिदैछन्
संसारमा चिनिएका बुद्धलाई हत्याउन
सिमानाका पिलरहरू दिन रात खोस्रिदैछन् ।

बहुल भाषा संस्कृतिले भरिएको मेरो देश
छैन कुनै भेदभाव अनेक जात अनेक भेष ।

धोती,कुर्ता बुर्का अनि दौरा सुरुवाल ढाका टोपी
लत्याएर रमाउँछौ कति दिन झगडाको बिज रोपि
छैन यहाँ कोही पराई माया लाग्छ मेरो देशको
अस्तित्वलाई बचाउन सम्मान गर्छु भाषा भेषको ।

सयौं थुङ्गा फूल रोपि सजिएको मेरो देश
मिलेको छ धर्म अनि संस्कृतिमा मेरो देश ।

२०७३।०९।१६ शनिबार

लाज भयो

बिदेसियो ठूलो कान्छो घर किन्यो शहरमा
मचाहिँ भने पढ्न छिरें ठूलो बन्ने रहरमा
आज कान्छो कार चढ्छ म भने टयाम्पो कुर्छु
सपनीमा कान्छो निदाउँछ म बिपनीमा घुर्छु ।

गाउँ गयो सोध्ने गर्छन् ठूलोमान्छे आयो भन्छन्
कारदेखि ठूलो कान्छोको पछ्याउदै उतै जान्छन्
स्कुलमा शिक्षकले लठुवा भनी झपार्नुहुन्थ्यो
त्यही लठुवा कमाएर हामी सबको नेता भयो ।

कमाएर ठूलोमान्छे भइने रहेछ यो समाजमा
लाजै हुने संस्कार बस्यो नकमाए समाजमा
लाज भयो कस्तो कस्तो पैसा ठूलो पढाइ भन्दा
एकै छिनमा सिद्दिहाल्छ तलब समाई पैसा गन्दा ।

२०७३।०९।२२ शुक्रबार

कृति रचनाकार स्व. मित्र प्रसाद दुलालको
पारिवारिक विवरण

नाम: मित्र प्रसाद दुलाल

जन्म स्थान: अमरदह -६, मोरङ

जन्म मिति: बि सं २०३७।०५।२३

स्वर्गारोहण: बि सं २०७६।०२।३२

पिता: छवि प्रसाद दुलाल

माता: गंगादेवी दुलाल

श्रीमती : सम्झना सिम्खडा दुलाल

छोरा: साइमन दुलाल

दाजु: गोपाल दुलाल

भाउजु: पिंकी दुलाल

दिदीहरु:

सावित्रा दुलाल

स्व. भूमा प्रसाँइ

गंगा दुलाल

कमला ओझा

कल्पना पुडासैनी

ससुरा: कृष्णप्रसाद सिम्खडा

सासू: अम्बिका सिम्खडा

भाई (सालो)/ बुहारी: सञ्जय सिम्खडा / मनु पाण्डे